का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ मंसिर २०८२
आइतबार
30 November 2025
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २९० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ७२६ स्थानीय तहमा अझै बाल श्रमिक

नेपालमा श्रममुक्त घोषणा भएका स्थानीय तहको संख्या २७ पुगेको छ । बालमैत्री स्थानीय तह घोषणा गर्दा बाल श्रममुक्त हुनुपर्ने सूचक पुरा नभएकाले बाँकी ७ सय २६ स्थानीय तह बाल श्रममुक्त घोषणा हुन सकेका छैनन् ।





'बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी' हाम्रो विगतदेखिको नारा अझै सार्थक बन्न सकेको छैन ।

**बमबहादुर बानियाँ**
उपाध्यक्ष, राष्ट्रिय बाल अधिकार परिषद्

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ मंसिर

नेपालले चालु आर्थिक वर्षसम्ममा सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य लिएको छ। तर यो उद्देश्यअनुसार काम हुन नसकेको अध्ययनले दखाएको छ।

२०७५ सालमा बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना बनेको थियो । जसमार्फत २०८२ सालसम्म नेपाललाई बालश्रम मुक्त बनाउने लक्ष्य लिइएको थियो । तर हालसम्म जम्मा २७ वटा स्थानीय तह मात्र बालश्रममुक्त भएका छन्। अर्थात् ७ सय २६ स्थानीय तहमा कुनै न कुनै प्रकारको बालश्रम रहेको अध्ययनले देखाएको हो ।

राष्ट्रिय बालअधिकार परिषद्को प्रतिवदेन २०८२ ले पछिल्ला वर्ष साइबर र यौन अपराधसमेत पीडित हुने बालबालिकाको संख्यासमेत बढ्दै गएको देखाएको छ । बालअधिकारका लागि गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा समेत तीनै तहका सरकार जिम्मेवार हुन नसकेको औंल्याएको छ। तथापि नेपालमा बालश्रमको अवस्थामा क्रमशः सुधार भने आइरहेको राष्ट्रिय सर्वेक्षणमा देखाएको छ । केन्द्रीय तथ्यांक विभागको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण २०७१ अनुसार ५ देखि १७ वर्ष उमेर समूहका ३७ दशमलव ४ प्रतिशत बालबालिका श्रममा संलग्न रहेका थिए। केन्द्रीय तथ्यांक विभागको पछिल्लो अध्ययनले नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका १५ दशमलव ३ प्रतिशत बालबालिका श्रममा संलग्न रहेको देखिएको छ। 'श्रममा संलग्न भएका बालबालिकाको प्रतिशत क्रमशः घटिरहेको स्थिति छ' राष्ट्रिय बालअधिकार परिषद्को प्रतिवदेन २०८२ मा भनिएको छ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आर्थिक वर्ष २०८१/८२ मा बालश्रममुक्त स्थानीय तह घोषणा गर्न ५५ वटा स्थानीय तहलाई अनुदान वितरण गरेको थियो । गत आर्थिक वर्ष २०८०/८१ मा बाल श्रममुक्त स्थानीय तह घोषणा गर्न ८५ वटा स्थानीय तहलाई अनुदान वितरण गरेको थियो । अनुदान वितरण रकमप्रति स्थानीय तह ३ लाख रहेको छ। बालमैत्री स्थानीय तह घोषणा गर्दा बालश्रममुक्त हुनुपर्ने सूचकलाई अनिवार्य गरिएको छ । बालश्रममुक्त गर्ने कार्यविधिअनुसार १२ वटा स्थानीय तह बाल श्रममुक्त घोषणा भएका छन्। योसँगै नेपालमा श्रममुक्त घोषणा भएका स्थानीय तहको संख्या २७ पुगेको छ । बाँकी ७ सय २६ स्थानीय तह श्रममुक्त घोषणा भएका छैनन् । बालमैत्री स्थानीय तह घोषणा गर्दा बालश्रममुक्त हुनुपर्ने सूचक पूरा नभएकाले यी स्थानीय तह श्रममुक्त घोषणा हुन नसकेका हुन् । नेपालको संविधानको पृष्ठ २ मा





# १५ कम्युनिस्ट एकताले उत्साहित प्रचण्ड



नेतानेता मिलेर खुसी हुनु आत्मरतिमा रमाउनु मात्रै हो। मतदाताले पत्याउनुऱ्यो। उहाँहरूको मिलन केवल अवसरवादहरूको मिलन हो, भ्रष्टाचारीहरूको मिलन हो। अवसरवादीहरूको एकताले नेपालको समस्या समाधान गर्दैन।

**मुमाराम खनाल**
राजनीतिक विश्लेषक



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १३ मंसिर

पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड पछिल्लो समय उत्साहित छन्। विगत लामो समयदेखि कम्युनिस्ट पार्टीबीच एकता गरेर ठुलो कम्युनिस्ट शक्ति निर्माणको अभियान थालेका प्रचण्डसँग कात्तिक २६ यता १५ वटा कम्युनिस्ट घटक आइसकेका छन्।

नेपाली कम्युनिस्ट पार्टी बनाएर एकता घोषणा सन्देश सभा अभियानमा रहेका प्रचण्डले शनिबार लुम्बिनी प्रदेशस्तरीय कार्यक्रममा सम्बोधन गरे। शुक्रबार सुदूरपश्चिमस्तरीय एकता सन्देश सभा कैलालीको धनगढीमा गरेका थिए। कात्तिक २६ गते नेकपा एकीकृत समाजवादीसहित १० वटा कम्युनिस्ट पार्टीबीच एकतासँगै उत्साहित प्रचण्ड एकता सुरु भएको दुई हप्तामै थप पाँचवटा घटक थपिएपछि दंग छन्।

कात्तिक २६ गतेको पार्टी एकता सभा घोषणा सभालाई सम्बोधन गर्दै नेकपाका संयोजक प्रचण्डले वामपन्थी एकताले अन्य पार्टी नै नहुने हो कि भन्ने स्थिति आएको बताएका थिए। उनले भनका थिए, 'वामपन्थी १२ घटकबीच एकता भयो। केही समयपछि थपिँदै छन्। यही तरिकाले एकता हुने भयो भने देशमा पार्टी नै नहुने हो कि भनेर प्रतीकात्मक रूपमा भन्ने गरेको छु।'

संयोजक दाहालको यो भनाइले उनी निकै उत्साहित छन् भन्ने पुष्टि गरेको छ। आफ्नो दल नेकपा माओवादी केन्द्रको नाम र चुनाव चिह्नसमेत विलय गराएको भन्दै केही नेताहरूले उनको आलोचनासमेत गरेका थिए। सोही कारण देखाउँदै तत्कालीन माओवादी नेता जनार्दन शर्मा, राम कार्की, सुदन किरातीसहित दर्जन बढी नेताहरूले पार्टी एकताविपरीत गएर आफ्नै नयाँ अभियान थालेका थिए। गत हप्ता मात्रै उनीहरूले रास्वपाका नेता सन्तोष परियार र बाबुराम भट्टराई पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## गेमसम्बन्धी एप्स तुरुन्तै हटाउन नेपाली श्रमिकलाई दूतावासको आग्रह

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, १३ मंसिर

मलेसियास्थित नेपाली दूतावासले मोबाइलमा अनलाइनमार्फत खेलिने गेम (जुवा)बाट धेरै नेपाली कामदार ठगीमा परेको भन्दै अनलाइनमार्फत खेलिने गेमसम्बन्धी एप्स तुरुन्तै हटाउन नेपाली श्रमिकहरूलाई आग्रह गरेको छ।

मलेसियामा टोटो म्यागनमलगायतको अनलाइन गेमबाट ठगी व्यापक बनेको छ। नेपाली दूतावासले मोबाइलमा टोटो म्यागनम डाउनलोड गरेर राखेको भेटिए प्रहरीले कारबाहीको दायरामा ल्याउने बताएको छ। कतिपय नेपाली उक्त एप्स डाउनलोड गरेका कारण जेल सजायमा परेको भन्दै दूतावासले विशेष सतर्कता अपनाउन आग्रह गरेको छ।

टोटो म्यागनममा खरिदकर्तालाई १ देखि ४९ सम्मका कम्तीमा ६ वटा अंक छानेर किन्ने र कोरिएका ६ वटा अंक र थप एउटा अंक पर्ने खरिदकर्तालाई नगद पुरस्कार दिने भन्दै टिकट बेचेर ठगी गर्ने गरिएको बताइन्छ। मलेसियामा म्याग्नम ४डी, टोटो ४डी, मलेसिया टोटो ६डी, टोटो स्विप ४डी लगायतका एप्सहरू ठगीका लागि बद्नाम मानिन्छन्।

मलेसियामा नेपालबाट भर्खरै पुगेका सोझा कामदार लोट्टो र क्यासिनोको कुलतमा पर्ने प्रवृत्ति रहेको नेपाली दूतावासले बताएको छ।

त्यस्तै मलेसियामा नयाँ कामदारको बैंक खाता अनलाइन जुवा जस्ता स्क्याममा दुरुपयोग भएको पाइएको भन्दै दूतावासले आफ्नो बैंक खाता र पासवर्डको जानकारी सँगै एउटै कोठामा बस्ने साथीलाई पनि नदिन आग्रह गरेको छ।

छोटो समयमा मिहिनेतबिना नै पैसा कमाउने लोभमा युवाहरू जुवाको दुष्चक्रमा फस्ने गरेका छन्। सुरुमा केही रकम जितेर हौसिने र पछि बढी रकमको लोभमा ठुलो रकम दाउमा लगाउँदा महिनाभरको पारिश्रमिकभन्दा बढी रकम क्षणभरमा सकाएर बिचल्लीमा पर्ने गरेको बताइन्छ।

**जेनजी आन्दोलन**

## ५९५ पक्राउ, २८३ जनाविरुद्ध मुद्दा

जेनजी आन्दोलनका क्रममा सरकारी र सार्वजनिक तथा निजी सम्पतिमा तोडफोड र आगजनीमा संलग्न रहेको आरोपमा ५ सय ९५ जना पक्राउ परेका छन् भने २ सय ८३ जनालाई विभिन्न कसुरमा मुद्दा दर्ता गरिएको छ।

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १३ मंसिर



जेनजी आन्दोलनका क्रममा सर्वोच्च अदालतमा आगजनी गरिएको घटनामा संलग्न रहेको आरोपमा नेपाल ल क्याम्पसका पूर्व स्ववियु सभापति विष्णु ढुंगेल पक्राउ परे । उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले गत सोमबार पक्राउ गरी आवश्यक कारबाही अघि बढाएको छ।

त्यस्तै जेनजी आन्दोलनका क्रममा काठमाडौंको कोटेश्वर प्रहरी प्रभागमा आक्रमण गरी प्रहरीको हत्या गरेको आरोपमा कैलालीको लम्कीचुहा नगरपालिका-४ अमरपुरका १९ वर्षीय अनुपम भण्डारी कारागार चलान गरिएको छ । कोटेश्वर प्रभागमा कार्यरत ३१ वर्षका सहायक हबल्दार अमृत गुरुङको हत्या गरेको आरोपमा जिल्ला अदालत काठमाडौंले भण्डारीलाई थुनामा पठाउन आदेश दिएको हो।

त्यस्तै, इटहरी इलाका प्रहरी कार्यालयमा भएको तोडफोड, आगजनी र लुटपाट घटनामा संलग्न रहेको आरोपमा इटहरी उपमहानगरपालिका-३ का २९ वर्षीय विजय लिम्बू, भोजपुर याङ्पाङ-७ भई हाल इटहरी उपमहानगरपालिका-४ बस्ने ४७ वर्षीय मदन खत्री, इटहरी उपमहानगरपालिका-५ का ४४ वर्षीय दीपेन्द्रकुमार कार्की, इटहरी उपमहानगरपालिका-८ का २४ वर्षीय आभास कार्की र इटहरी उपमहानगरपालिका-४ का २४ वर्षीय सोनम कार्कीलाई प्रहरीले कानुनी दायरामा ल्याएको जनाएको छ। इलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीको टोलीले फरार रहेका दुई कैदीलाई पक्राउ गरी पुनः कारागार पठाएको छ। प्रहरीका अनुसार पक्राउ परेकाहरू पछिल्लो समय जेनजी आन्दोलनको क्रममा कारागारबाट पृष्ठ २ मा

## एमाले महाधिवेशन प्रतिनिधि छनोट

# कतै सहमति, कतै लफडा




**काठमाडौं /मस–** नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनका शनिबार देशैभरि प्रतिनिधि छनोट भएका छन्। महाधिवेशनका लागि देशभर करिब दुई हजार २ सय प्रतिनिधि छनोट भएका हुन् ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले सबैजसो कमिटीमा प्रतिनिधि छनोट सम्पन्न भएको बताए। उनले भने, 'धेरैजसो कमिटीमा सर्वसम्मत रूपमा प्रतिनिधि छनोट भएका छन्', उनले भने, 'केही ठाउँमा निर्वाचनको माध्यमबाट प्रतिनिधि छनोट भएका छन् ।'

उनले छिटफुट रूपमा रोकिएको प्रतिनिधि छनोट प्रक्रिया पनि निर्वाचनबाट टुंग्याउने निर्देशन दिएको बताए ।

उनका अनुसार एक प्रतिनिधि निर्वाचन क्षेत्रबाट खुला, महिला र युवा गरी चार जना प्रतिनिधि छनोट हुनेछन् । शनिबार छनोट भएका प्रतिनिधि विवरण यही मंसिर १५ गतेभित्र पार्टी केन्द्रीय कार्यालयमा पठाइसक्न एमालेले निर्देशन दिएको छ। एमालेले यही मंसिर २७ देखि २९ गतेसम्म भक्तपुरमा महाधिवेशन हुने जनाएको छ ।

यसैबीच महाधिवेशनका लागि कोशी प्रदेशमा प्रतिनिधि छनोट प्रक्रिया तनावको स्थिति सिर्जना भएको छ ।

प्रदेशका १४ जिल्लामध्ये आधा जिल्लामा नेतृत्व सर्वसम्मत टुंगिए पनि बाँकी आधामा चुनावी प्रक्रिया र विवाद देखिएको छ । विशेष गरी धनकुटामा मतपत्र च्यात्नेदेखि तालाबन्दीसम्मको अवस्था सिर्जना भएको छ भने मोरङमा नेताहरूबिच घम्साघम्सीको स्थिति बनेको छ ।

एमाले कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडाका अनुसार सोलुखुम्बु, खोटाङ, भोजपुर, तेह्रथुम, ताप्लेजुङ, पाँचथर र इलाम गरी ७ जिल्लामा प्रतिनिधि छनोट सर्वसम्मत भएको छ । तर, झापा, मोरङ, सुनसरी, उदयपुर, ओखलढुंगा, धनकुटा र संखुवासभामा भने निर्वाचन प्रक्रियामार्फत प्रतिनिधि छानिँदै छन् ।

धनकुटामा प्रतिनिधि छनोट प्रक्रियामा विवाद भएको छ । यहाँ संस्थापन पक्ष (अध्यक्ष केपी ओली निकट) मानिने केन्द्रीय सदस्य राजेन्द्र राई र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल निकट मानिने प्रदेश कमिटी सदस्य इन्द्रमणी पराजुली समूहबीच तीव्र विवाद उत्पन्न भएको हो ।

शुक्रबार राति ४ जना प्रतिनिधि पराजुली पक्षलाई र ९ जना राई पक्षलाई दिने सहमति भएको थियो ।

सोही सहमतिका आधारमा पराजुली पक्षका धेरैले उम्मेदवारी फिर्ता लिएका थिए। तर, राई पक्षले सहमति लत्त्याउँदै एकलौटी ढंगले चुनावमा जाने निर्णय गरेपछि स्थिति तनावपूर्ण बनेको हो ।

सहमति गरेर उम्मेदवारी फिर्ता गराएपछि धोका दिएको भन्दै पराजुली समूहले मतपत्र च्यात्नुका साथै पार्टी कार्यालयमा तालाबन्दी गरेको छ । उनीहरूले पत्रकार सम्मेलन गर्दै निर्वाचन प्रक्रिया नै बहिष्कार गरेको घोषणा गरेका छन् । पराजुली पक्षले महालक्ष्मी नगरपालिका र धनकुटा नगरपालिकाका केही वडाहरूमा मतदान नै हुन नदिएको दाबी गरेको छ ।

मोरङको विराटनगरस्थित पार्टी कार्यालयमा पनि प्रतिनिधि छनोटका क्रममा तनाव देखिएको छ ।

अशक्त र अपांगता भएकाहरूको नाममा वडाध्यक्ष भानुभक्त पाठकले एकै व्यक्तिलाई पटक-पटक भोट हाल्न पठाएको भन्दै एमाले नेता पर्शुराम बस्नेत आक्रोशित भएका थिए । बस्नेतले फर्जी मतदान रोक्न खोज्दा अर्को पक्षसँग धकेलाधकेल र झम्टाझम्टी भएको थियो ।

## 'त्रिवि राज्याभिषेक उद्यान'लाई प्राकृतिक रूपमै सौन्दर्यकरण गरिने छः मन्त्री पुन



**काठमाडौं /मस–** शिक्षामन्त्री महावीर पुनले त्रिभुवन विश्वविद्यालयस्थित राज्याभिषेक उद्यानलाई प्राकृतिक रूपमै सौन्दर्यकरण गरिने बताएका छन् । मन्त्रीको कार्यभार सम्हालेलगत्तै उक्त उद्यानलाई पुनर्जीवन दिने घोषणा गर्नुभएका मन्त्री पुनले शनिबार यहाँ निरीक्षणपछि प्राकृतिक स्वरुपमै पार्क निर्माणमा जोड दिए ।

'उद्यानलाई अहिले जस्तो झाडीले ढाक्न दिइने छैन र कृत्रिमता नझल्किने गरी सुन्दर बनाइने छ', उनले भने,'विगतमा चितुवा लुक्ने झाडी रहेको उद्यानलाई राम्रोसँग हिँड्न र डुल्न गर्न मिल्ने स्थान बनाइने छ ।'

मन्त्री पुनले उद्यानको पुनर्जीवनले उच्च शिक्षाको केन्द्रीय थलोका रूपमा रहेको त्रिवि परिसर शृंगार गरे जत्तिकै हुने भन्दै यसका लागि सरकारले आर्थिक स्रोत खोजिरहेको जानकारी दिए ।

त्रिविलाई भौतिक रूपमा मात्र नभई शैक्षिक रूपमा समेत सुन्दर बनाउने आफ्नो सपना रहेको भन्दै उनले त्यसका लागि त्रिविलाई राजनीतिमुक्त बनाउनुपर्नेमा जोड दिए ।

विगत ४५ दिनदेखि हालसम्म करिब चार हजार जनाले स्वयंसेवकका रूपमा उद्यानको झाडी फाँड्ने र सरसफाइको काममा जुटेका त्यस अवसरमा जानकारी दिइयो । सरसफाइमा हरेक दिन २० देखि ३० जना र शनिबार ४ सय जनासम्म सहभागी हुने गरेका छन् ।

विभिन्न संस्थाले स्वस्फूर्त रूमा सरसफाइ गर्न आवश्यक औजार, खाजा खर्चसमेत गरी झन्डै पाँच लाख बराबरको सहयोग गरिसकेका र हाल झाडी फाँड्ने काम ९० प्रतिशत सकिएको मन्त्री पुनलाई जानकारी गराइएको थियो ।

## रास्वपा र विवेकशीलबीच आइतबार एकता हुने



**काठमाडौं /मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले विवेकशील साझा पार्टीसँग आइतबार एकता गर्ने भएको छ । शनिबार बसेको केन्द्रीय समितिको बैठकले विवेकशील साझा पार्टीसँग एकता गर्ने प्रस्तावलाई सर्वसम्मत स्वीकार गर्दै एकीकरण गर्ने निर्णय गरेको हो । यस्तै, आइतबार राष्ट्रिय सभागृहमा 'एकता घोषणासभा' आयोजना गर्ने निर्णय भएको प्रवक्ता मनिष झाले जानकारी दिए ।

विवेकशील साझा पार्टीको केन्द्रीय समिति बैठकले पनि यसअघि नै रास्वपासँग एकता गर्ने निर्णय गरिसकेको थियो ।

प्रवक्ता झाले भने, 'हामी विवेकशीलसँग मात्र होइन असल शासन र समुन्नतिसँग सरोकार राख्ने सबै सुसंस्कृत एवं परिवर्तनकारी राजनीतिक शक्तिहरूसँग मुद्दागत र सांगठनिक सहकार्यमा छौं । त्यहीअन्तर्गत विवेकशीलसँग एकता र आइतबार घोषणासभा गर्ने निर्णय भएको छ।' विवेकशीलले रास्वपाको नाम, नेतृत्व र चुनाव चिह्न स्वीकार गरी निःसर्त एकतामा जाने निर्णय गरेको थियो। २०६९ मा उज्ज्वल थापाको नेतृत्वमा विवेकशील अभियान सुरु भएको थियो । २०७० मा विवेकशील नेपाली दल गठन भइ चुनावी प्रतिस्पर्धामा गएको थियो ।

## स्वास्थ्य चौकी भवन अधुरै



**बागलुङ /मस–** एक वर्षभित्र सक्नेगरी निर्माण थालिएको नारायणस्थान स्वास्थ्य चौकीको भवन तीन वर्ष बित्दासमेत सम्पन्न हुन सकेको छैन ।

साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएको बागलुङ नगरपालिका-१४ स्थित नारायणस्थान स्वास्थ्य चौकीको भवन कहिले सम्पन्न हुन्छ भन्ने अझै टुंगो लाग्न सकेको छैन । निर्माण व्यवसायीको लापरवाही र ढिलासुस्तकीका कारण तीन वर्ष बित्दासमेत भवन निर्माण अधुरै छ । अहिले उक्त भवन ढलान र पर्खालको काम मात्रै सकिएको छ ।

संघीय सरकारको विशेष अनुदानमा निर्माण थालिएको भवन अझै सम्पन्न नभएको बागलुङ नगरपालिकाले जनाएको छ । २०७९ माघ ६ गते एक वर्षमा सक्ने गरी निर्माण थालेको भवन अझै सम्पन्न हुन नसकेको बागलुङ नगरपालिकाका इन्जिनियर सोबिन घर्तीले जानकारी दिए ।

उनका अनुसार दुई पटक थपेको म्यादसमेत अहिले सकिएकाले भवन निर्माणमा अझै अन्योलता छाएको छ ।

'एक वर्षमा सकिने भवन तीन वर्षमा सकिएको छैन, दुई पटकसम्म थपेको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ, भवनमा प्लाष्टरको काम अझै सकिएको छैन, तिहार यता कामदार भवनमा देखिएका छैनन्' घर्तीले भने, 'भवन समयमा नबन्दा ठेक्का तोड्ने वा म्याद थप्ने विषयमा छलफल भइरहेको छ, नगरपालिकाले निर्माण व्यवसायीलाई धरौटी जफत गरेर भएपनि सम्पन्न गर्ने योजनामा छ । भवन निर्माणका लागि दोस्रो पटक थप गरिएको म्यादसमेत कात्तिक मसान्तमा सकिएको छ । निर्माण व्यवसायी डिएनप्रसाद जेभीसँग एक करोड ८२ लाखमा ठेक्का सम्झौता भएको थियो । निर्माण व्यवसायीले थोरै कामदार परिचालन गर्ने, सम्पर्क विहीन हुने लगायतका कारण भवन समयमै बन्न नसकेको हो। नगरपालिकाकै नमूना स्वास्थ्य चौकीको रुपमा रहेको नारायणस्थान स्वास्थ्य चौकी अहिले साँघुरो भवनबाट सेवा प्रभाह भइरहेको स्वास्थ्य चौकीका प्रमुख ऋषिराम शर्माले जानकारी दिए । भवन सम्पन्न भए गुणस्तरीय सेवा प्रभाह गर्न सहज हुने उनको भनाइ छ ।

जनताले चन्दा उठाएर रु २१ लाख संकलन गरी स्वास्थ्य चौकीको नाममा जग्गा खरिद गरेर भवन निर्माणका लागि काम थालेपनि समयमा भवन नबन्दा सेवा प्रवाहमा समस्या भएको शर्माले बताए ।

## एनआरएनएको एकता घोषणा हुँदै




**काठमाडौं /मस–** लामो समयदेखि विवादमा फसेको गैरआवासीय नेपाली संघ (एनआरएनए) आइतबार काठमाडौंमा एकता घोषणा गर्ने तयारीमा पुगेको छ। करिब चार वर्षदेखि विभाजित हुँदै आएको संघलाई पुनः एकतावद्ध गर्ने उद्देश्यले दुवै पक्षका अध्यक्ष डा. बद्री केसी र महेश श्रेष्ठ–एकै संरचनामा आउने सहमतिमा पुगेका छन् ।

उपमहासचिव तथा वार्ता समिति सदस्य सोम सापकोटाले आइतबार प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा वृहत् एकता घोषणा गरिने जानकारी दिएका छन् । परराष्ट्र मन्त्रालयअन्तर्गत दर्ता रहेको संस्थाको एकता घोषणा प्रधानमन्त्रीकै रोहवरमा हुनेछ । सापकोटाका अनुसार १०औं महाधिवेशनमा सदस्यता तथा प्रतिनिधि निर्धारण गर्दा विधानअनुसार प्रक्रिया नअपनाउँदा विवाद सुरु भएको थियो । केही देशमा पञ्जीकृत सदस्यअनुसार प्रतिनिधि तोक्ने व्यवस्था अवहेलना गर्दा समस्या चर्किंदै गयो र संस्थामा विभाजन आयो ।

दुवै पक्षबाट ३/३ सदस्यसहित गठित वार्ता समितिले करिब सबै विवाद समाधान गरिसकेको छ । दुवैतर्फका नेतृत्वलाई मान्यता दिने, स्टेयरिङ कमिटी गठन गर्ने, अदालतमा दायर मुद्दा फिर्ता गर्ने, सदस्यता वितरणका लागि समय थप्ने तथा एमआईएस प्रणाली सुधार गर्ने सहमति भएको सापकोटाले बताए ।

संघका विभाजित राष्ट्रिय समन्वय परिषद् (एनसीसी) हरूलाई एकताका लागि आवश्यक समय दिइनेछ। विभाजनको समयमा छुटेका वा सदस्यता ननवीकरण भएका सदस्यलाई पुनः संगठनमा जोडिन आह्वान गरिएको छ । विधानअनुसार पञ्जीकृत सदस्य मात्रै महाधिवेशनमा सहभागी हुनेछन् ।

फेब्रुअरी अन्तिममा १२ औँ अन्तर्राष्ट्रिय महाधिवेशन तथा निर्वाचन सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निर्वाचन तथा सम्पूर्ण प्रक्रिया स्टेयरिङ कमिटीले नै सञ्चालन गर्नेछ ।

लामो समयको विवादले संगठन र देश दुवैलाई क्षति पुऱ्याएको भन्दै अब स्थायी एकताको भावना साथ अघि बढ्ने संघका दुवै नेतृत्वले प्रतिबद्धता जनाएका छन् । आइतबार हुने एकता घोषणापछि गैरआवासीय नेपाली संघ फेरि एकीकृत रूपमा अघि बढ्ने अपेक्षा गरिएको छ ।

### ७२८ स्थानीय...

धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (६)मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धि, १९८९ को धारा ३२ बमोजिम बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार छ । अन्तर्राष्ट्रिय श्रम संगठनअन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेरसम्बन्धी महासन्धि, १९७३ ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ ।

तर आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्रहरूका बालबालिका श्रममा रहेका छन् ।

सन २०१८ को श्रम शक्ति सर्वेक्षणअनुसार नेपालमा १० लाख ८२ हजारभन्दा बढी बालबालिका जोखिमपूर्ण श्रममा रहेका थिए । त्यसमा पनि २ लाख २२ हजार जोखिमयुक्त श्रममा रहेको उल्लेख थियो । वार्षिक १० लाखभन्दा बढी बालबालिका कक्षा एकमा भर्ना हुने गरेकोमा झन्डै ४ लाख मात्र कक्षा १० मा पुग्ने गरेको शिक्षा मन्त्रालयको तथ्यांक छ। बाँकी ६ लाखमध्ये अधिकांश श्रममा संलग्न हुने गरेको अनुमान छ ।

राष्ट्रिय बालअधिकार परिषद्को प्रतिवदेन २०८२ ले नेपालमा कति बालबालिका श्रममा रहेका छन् भन्ने यकिन तथ्यांक भने प्रस्तुत गरेको छैन । सरकारी नीति र प्रतिबद्धता कमजोर हुँदा बालअधिकार कार्यान्वयन हुन नसकेको भने औंल्याएको छ ।

राष्ट्रिय बालअधिकार परिषद्को प्रतिवदेन २०८२ प्रकाशन भएकोमा शुभकामना सन्देश दिँदै राष्ट्रिय बालअधिकार परिषद्ले आफूलाई प्राप्त जिम्मेवारीबमोजिम बालबालिकासम्बन्धी कानुन, नीति र योजना निर्माणमा सहयोग तथा कार्यान्वयनमा समेत सहजीकरण गर्दै आएको जनाएको छ ।

परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँका अनुसार बालअधिकार संरक्षण र संवर्धनका लागि परिषद्ले महत्वूर्ण भूमिका निर्वाह गर्दै आएको छ भने आगामी दिनमा थप गतिशील र नतिजामूलक ढंगबाट अगाडि बढ्ने प्रतिबद्धता रहेको छ । बालअधिकार संरक्षण तथा संवर्धनमा बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिमका व्यवस्था हरेक स्थानीय तहमा कार्यान्वयनको चरणमा छन्।

'प्रत्येक स्थानीय तहमा बालसंरक्षण संयन्त्र विस्तार गर्नु र कार्यान्वयन गर्नु अबको हाम्रो प्राथमिकताको विषय हो,' उनी लेख्छन्, 'बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी हाम्रो विगतदेखिको नारा अझै सार्थक बन्न सकेको छैन ।'

बालअधिकार सबैको साझा सरोकार बन्नुपर्छ भन्नेमा प्रतिबद्ध रहेको उल्लेख गर्दै उनी थप्छन्, 'तीनै तहका सरकार, नागरिक समाज तथा सञ्जाल, विकास साझेदार तथा सरोकारवाला सबै निकायलाई बालबालिकाका सवाल वा विषयलाई प्राथमिकतामा राख्न हार्दिक आह्वान गर्दछु ।'

### १५ कम्युनिस्ट...

नेतृत्वको नेकपा समाजवादी पार्टीसहितको एकतामा प्रगतिशील लोकतान्त्रिक पार्टी बनाएर लागेका छन्। जेनजी आन्दोलनपछि नेपाली राजनीतिमा भएको उलपुथलको असर राजनीतिक दलमा पनि देखियो । त्यही कारण नयाँ नयाँ व्यक्ति र पार्टीबीचको ध्रुवीकरण बढ्दो मात्रामा छ ।

यो आन्दोलनको सबैभन्दा बढी फाइदा पुराना दल र नेतामध्ये प्रचण्डले नै लिएको देखिन्छ। किनकि उनको कम्युनिस्ट जोड्ने अभियानले मूर्तरूप लिनुको कारण जेनजी आन्दोलन नै हो। पार्टी संयोजक प्रचण्डले हालै गठन भएको नेपाली कम्युनिस्ट पार्टी १५ वटा कम्युनिस्ट घटकको ऐतिहासिक एकताको परिणाम भएको उल्लेख गर्दै देशभर नयाँ ऊर्जा पैदा गरेको दाबी गरेका छन् । यसअघि प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र), माधवकुमार नेतृत्वको नेकपा (एकीकृत समाजवादी), महेन्द्रराय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी, सुवासराज काफ्ले नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, राजु कार्की नेतृत्वको नेकपा (समाजवादी), चिरन पुन नेतृत्वको नेकपा, कर्णजित बुढाथोकी नेतृत्वको नेकपा (माओवादी समाजवादी), प्रेमबहादुर सिंह नेतृत्वको नेकपा (समाजवादी)सहितका दल मिलेर कात्तिक १९ गते नेपाली कम्युनिस्ट पार्टी घोषणा गरेका हुन् ।

त्यसपश्चात् डा. भीम रावल नेतृत्वको मातृभूमि जागरण अभियान र प्रमोदनारायण यादव महासचिव रहेको नेपाल कम्युनिस्ट पार्टी श्रमजीवी पार्टी पनि नेकपामा समाहित भयो। देश गम्भीर राजनीतिक मोडमा पुगेको बताउँदै वामपन्थी तथा देशभक्त शक्तिबीच बृहत् एकता अपरिहार्य भएको उनले बताए। 'एमालेभित्रका देशभक्त तथा क्रान्तिकारी कार्यकर्तालाई पनि यस पार्टीमा एकताबद्ध हुन आग्रह छ । अब कोही माओवादी, कोही समाजवादी, कोही केन्द्र भन्नुपर्ने आवश्यकता छैन। सबै नेपाली कम्युनिस्ट। यही भावनाअनुसार पार्टीको नाम राखिएको हो ।' उनी प्रधानमन्त्री भएकैबेला २०८० साल फागुनमा कम्युनिस्ट एकताको पहल थालेको बताएका बताएका थिए । सुखानी शहीदका परिवारसँग प्रधानमन्त्री निवास बालुवाटारमै बसेर कम्युनिस्ट एकताको पहलका बारेमा जानकारी गराएको करिब दुई वर्ष भएको छ । यसबीचमा प्रचण्डले नेपालको राजनीतिमा केही उलटफेर गरेका छन् ।

२०७९ को आमनिर्वाचनमा ३२ सिट पाएर तेस्रो दल बनेको तत्कालीन माओवादी केन्द्र, १० सिटको नेकपा एससहित १० वटा कम्युनिस्ट घटकबीच कात्तिक २६ गते एकता घोषणा भएको थियो। त्यसको एक हप्तापछि पूर्वएमाले नेता भीम रावल नेतृत्वको मातृभूमि जागरण अभियान नेकपामा समाहित भएको थियो। त्यसपश्चात् जनता समाजवादी पार्टी एकीकरण पक्षधर समूह, जनजागरण पार्टी नेपाल, नेकपा बहुमत विद्रोही समूह र नेकपा माओवादी विद्रोही समूह समाहित भएसँगै नेकपामा १५ दल पुगेको नेता मेटमणि चौधरीले बताए। 'यो एकता जनताको आवश्यकता हो,' उनले भाने, 'अहिलेसम्मकै सबैभन्दा बढी दलबीच मिलेर बनाएको नेकपा आगामी निर्वाचनमा सबैभन्दा ठुलो शक्ति बन्न कसैले रोक्नै सक्दैन। यसले प्रचण्ड मात्रै होइन सबै नेता कार्यकर्ता र आमजनतासमेत खुसी छन् ।'

यद्यपि यो अवसरसँगै उनीमाथि ठुलो चुनौती पनि रहेको विश्लेषक बताउँछन्। उनको उत्साहलाई टिकाइराख्न नेपाली कम्युनिस्ट पार्टीमा फेरि विभाजनको हुनु नहुने नेताहरूले बताए । उत्साहित भएर एकता अभियानमा जुटेका शीर्ष नेताहरूको व्यवस्थापनलाई नेकपाभित्र प्रमुख चुनौतीका रूपमा हेरिएको छ । नेताबीचको मिलनले मात्रै मुलुकको समस्या सम्बोधन नहुने र पार्टी पनि जनतामाझ लोकप्रिय बन्न नसकने विश्लेषक मुमाराम खनालले बताए। नेताहरू मिल्नु वा फुट्नुको राजनीतिक एजेन्डा नभई अवसरहरूको मिलन भएको उनको टिप्पणी छ। 'नेतानेता मिलेर खुसी हुनु आत्मरतिमा रमाउनु मात्रै हो,' खनालले मध्यान्हसँग भने, 'नेताहरू मात्रै मिलेर भएन, मतदाताले पत्याउनुऱ्यो नि । उहाँहरूको मिलन केवल अवसरवादको मिलन हो। भ्रष्टाचारीहरूको मिलन हो । नेपालको समस्या समाधान अवसरवादीहरूको एकताले गर्दैन । त्यसो भएर कति संख्यामा नेताका टाउका मिले भन्दैमा त्यसले परिणाम दिन सक्दैन । यो उहाँहरूको आत्मरती मात्रै हो ।'

संयोजक प्रचण्डले जेननी आन्दोलनले आफूहरूलाई गल्ती कमजोरी सच्याएर अघि बढ्न घचघच्याएको बताएका छन् । 'युवा पुस्ताको माग र जनताको चाहनाअनुसार बदल्नुपर्ने आवश्यकता छ। सो आन्दोलनले विगतमा आफूहरूले गरेको कामलाई समीक्षा गर्न दबाब बढाएको छ,' उनले भने।

### जेनजी...

भागेका थिए। भदौ २३ र २४ गते भएको जेनजी समूहको आन्दोलनका क्रममा हत्या, आगजनी, तोडफोड, लुटपाट, चोरीलगायत हिंसात्मक गतिविधिमा संलग्न भएका व्यक्तिलाई प्रहरीले धमाधम नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अगाडि बढाएको नेपाल प्रहरीले जनाएको छ। नेपाल प्रहरीका प्रवक्ता अबिनारायण काफ्लेले आन्दोलनलाई हिंसात्मक बनाउने र सम्पत्ति क्षति गर्नेमाथि प्रहरीले सूक्ष्म निगरानी गरेर आवश्यक कारबाही अघि बढाएको बताए । काफ्लेले भने, 'आन्दोलनलाई हिंसात्मक बनाउने घटनामा संलग्नहरूको सूक्ष्म निगरानी गरी भिडियो, फोटोलगायतका प्रमाणका आधारमा पहिचान गरी उनीहरूलाई नियन्त्रणमा लिई कारबाही प्रक्रिया अगाडि बढाएको छ ।'

जेनजी आन्दोलनका क्रममा लुटिएका १ हजारभन्दा बढी हतियारमध्ये हालसम्म झन्डै ८ सय ५० हतियार बरामद गरिएको गृहमन्त्री अर्यालले बताए। जेनजी आन्दोलनका क्रममा विभिन्न अपराधमा संलग्नमध्ये ५ सय ९५ जनालाई पक्राउ गृह मन्त्रालयले सार्वजनिक गरेको छ । 'जेन-जी आन्दोलनको आडमा अपराधमा संलग्नलाई पक्राउ गर्ने मुद्दा चलाउने काम भइरहेको छ,' गृहमन्त्री ओमप्रकाश अर्यालले भने, 'अपराधमा संलग्नमध्ये कुल ५ सय ९५ जनालाई पक्राउ गरिएको तथा २ सय ८३ जनालाई विभिन्न कसुरमा मुद्दा दर्ता गरिएको अवस्था रहेको छ ।'

गृहमन्त्री अर्यालले जेनजी आन्दोलनका क्रममा मुलुकका विभिन्न सुरक्षा निकायबाट लुटिएका हतियार फिर्ता ल्याउन संयुक्त प्रयास भइरहेको बताए। मुलुकका विभिन्न भागमा सुरक्षा निकायको साथबाट हराएका हतियार र खरखजाना फिर्ता ल्याउन प्रभावकारी सेक्युरिटी अपरेसन सञ्चालन गर्न जिल्ला सुरक्षा समितिलाई निर्देशन दिई कार्यान्वयन गरिएको बताउँदै उनले भने, 'सबै सुरक्षा निकायहरूले सूचना आदानप्रदान गरी कार्ययोजना बनाई संयुक्त रूपमा योजना बनाइएको छ ।' हालसम्म ७ सय २३ थान हतियार फिर्ता ल्याइएको उनको भनाइ छ । जेन-जी आन्दोलन क्रममा कारागार तथा बन्दी गृहबाट भागेका, फरार भएका १४ हजार ५ सय ५४ कैदीबन्दीमध्ये ९ हजार ६ सय ९७ लाई फिर्ता ल्याइसकिएको उनले बताए। जेलबाट भागेर फिर्ता नआएका कैदीबन्दीलाई पक्राउ गर्न विशेष अपरेसन सञ्चालन गरिएको अर्यालको भनाइ छ । भागेका कैदीबन्दी र लुटिएका हतियार नै आगामी फागुन २१ का लागि तोकिएको आमनिर्वाचनको चुनौती बनेको सरोकारवालाले बताएका छन् । राजनीतिक दलहरूले यसैलाई देखाएर चुनावमा जान नसकिने सन्देश सरकारलाई दिइरहेका छन् । तर निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा व्यवस्था बलियो बनाउन सरकार प्रतिबद्ध रहेको गृहमन्त्री अर्यालले बताएका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com



# पीडितलाई अन्याय हुन नदिने मन्त्री खरेलको प्रतिबद्धता

काठमाडौं/मस-स्मार्ट टेलिकम पीडितहरुले टावर व्यवस्थापन, घरभाडालगायत समस्या समाधानका लागि पहल गरिदिन आग्रह गरेका छन् ।

उनीहरुले सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसमक्ष भेट गरी आफ्ना समस्याहरु सहजिकरणका लागि आग्रह गरेका हुन् । आफूहरु लामोसमयदेखि पीडित रहेको भन्दै स्मार्ट पीडितले पहलका लागि अनुरोध गरेका छन् ।

सञ्चारमन्त्रीसँगको भेटमा स्मार्ट टेलिकमले सेवा सञ्चालनका लागि टावर राख्न घर भाडामा माग्न आएको र आफूहरूले पनि दिएको तर वर्षौं भाडा नतिर्दा टेलिकमबाट आफूहरू पीडित बनेको उनीहरूको गुनासो राखेका थिए ।

स्मार्ट पीडितहरुको समस्या सुनेपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले कसैलाई पनि अन्याय हुन नदिने बताए । उनले भने, 'कसैलाई अन्याय हुन दिन्नौं, नियामक निकायसँग बुझेर के कसरी समस्या समाधान गर्न सकिन्छ



पहलकदमी लिन्छौं । केही न केही राहत हुने खालको निर्णय लिन्छौं ।'

स्मार्ट टेलिकम टावर पीडित संयोजक कृष्णबहादुर थापाले टेलिकमबाट आफूहरू पीडित भएको र वर्षौंसम्म पनि समस्या सामाधन नभएपछि संचारमन्त्री भेट्नुपरेको बताए । उनले भने, 'हामी स्मार्ट टेलिकम टावर पीडितहरुले संगठिन भएर समस्यासहित सञ्चारमन्त्रीसँग भेटेका छौं, हाम्रा मागप्रति सञ्चारमन्त्री सकारात्मक हुनुहुन्छ । टेलिकम खारेज भएको तीनवर्ष बितिसक्दा पनि टावर व्यवस्थापन छैन । टावरको भाडा पनि पाइएको छैन, बिजुलीबत्तीको पैसा पनि उठेको छैन ।'

संयोजक थापाका अनुसार स्मार्ट टेलिकम खारेज भइसकेपछि नेपाल सरकारले सम्पत्ति मूल्यांकनका लागि समिति गठन गरेको छ । पीडितहरुलाई कसरी सम्बोधन हुन्छ, सोको स्पष्ट हुन जरुरी छ । अन्य क्षति जेजति भएपनि घरमा रहेको टावर व्यवस्थापन हुनुपर्ने उनले उल्लेख गरे ।

स्मार्ट बन्द हुँदा धेरै संख्यामा नेपालीहरुले रोजगारी गुमाएको उनीहरुको भनाइ छ । स्मार्ट कार्ड र सिम कार्डमा लगानी गरेका व्यवसायीको पनि लगानी खेर गएको छ । कम्पनी बन्द भएको तीन वर्ष बितिसक्दा पनि बैंकलाई ब्याज बुझाउनुपरेको तर कार्डको पैसा फिर्ता आउने टुंगो नभएको पीडितको गुनासो छ ।

स्मार्ट समस्या समाधान समूहमा स्मार्ट कार्ड समूह, टावर राखेको घरबेटीहरुको समूह, स्मार्टमै काम गर्ने कर्मचारीहरु लगायत छन् । अनुमतिपत्र नवीकरणका लागि नियमानुसार दस्तुर दाखिला गरी निवेदन पेस नगरेकोले दूरसञ्चार ऐन बमोजिम स्मार्ट टेलिकमको लाइसेन्स २०८० वैशाख ३ गतेदेखि स्वतः खारेज भएको थियो ।

# प्रधानमन्त्रीसमक्ष राप्रपाको ज्ञापनपत्र

**काठमाडौं/मस-** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले विभिन्न पाँचवटा मागसहित प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापनपत्र बुझाएको छ ।



शनिबार प्रधानमन्त्रीसँग भेट गरी अध्यक्ष राजेन्द्र लिङ्देन नेतत्वमा ज्ञापनपत्र बुझाइएको हो । उक्त टोलीमा वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे, वरिष्ठ उपाध्यक्ष रोशन कार्की, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, उपाध्यक्ष हेमजङ्ग गुरुङ, महामन्त्री डा धवलशमशेर राणा, महामन्त्री कुन्ती शाही, महामन्त्री राजेन्द्र गुरुङ र महामन्त्री शरद्राज पाठकलगायत सहभागी थिए ।

राप्रपाले आगामी निर्वाचन अगावै मुलुकको वर्तमान समस्याको दीर्घकालीन र स्थायी समाधानका लागि भविष्यमा कसैले आन्दोलन गर्नु नपर्ने परिस्थिति निर्माणको माग गरेको छ । त्यसका लागि राजनीतिक दल र जेनजीलगायत पक्षधर सम्मिलित सर्वपक्षीय सम्मेलनको आयोजनाबाट देशलाई निकास दिने काम गर्नुपर्ने र अब हुने आमनिर्वाचनमै अन्तरजिल्ला र विदेशबाट मतदान गर्न पाउने सुनिश्चितता गर्न सम्भव रहेको र त्यसलाई सुनिश्चित गरेर मात्रै निर्वाचन प्रक्रियालाई अगाडि बढाउनुपर्ने माग गरेको छ ।

'जेनजी' प्रदर्शनमा सहभागी भएकै कारण प्रदर्शनका सहभागीलाई पक्रने, मुद्दा लगाउने जस्ता काम भइरहेकाले यस्ता कार्य तत्काल रोक्नुपर्ने, प्रदर्शनका क्रममा भएका सहिद भएकाहरूका परिवार र घाइतेका माग अविलम्ब पूरा गर्न, सरकारसँग विभिन्न माग लिएर प्रदर्शनमा रहेका र प्रधानमन्त्रीसँग भेट गर्न चाहेकाहरूलाई उपेक्षा गर्न नहुने र वार्ता तथा संवादबाट वातावरणलाई शान्त बनाउने प्रयास गर्न ज्ञापनपत्रमार्फत आग्रह गरिएकको छ ।

# प्रलोपाले देशैभर भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने

काठमाडौं/मस-प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) ले देशभर भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । प्रलोपाको विस्तारित बैठकले जिएस गुरुङको नेतृत्वमा कार्यदल बनाउने निर्णय गरेको हो ।



अध्यक्ष परिषद्का अध्यक्ष दुर्गा सोबले शनिबार प्रेस विज्ञप्तिमार्फत विस्तारित बैठकले कार्यदलका सदस्यहरू जटिल कार्की, अमित खनाल ऊर्जा, सम्झना राई, ध्रुवप्रसाद काप्री, मञ्जु मिक्चान र दीपक महतो रहने गरी कार्यदल बनाउने निर्णय गरेको जानकारी दिइन् ।

विज्ञप्तिमा भनिएको छ,'राष्ट्रिय स्वाधीनता, संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा तथा भ्रष्टाचार र विभेदविरुद्ध एकजुट हुन सम्पूर्ण प्रगतिशील, लोकतान्त्रिक र वामपन्थी शक्तिलाई आह्वान गर्दछौं । साथै, तोकिएको समयमा निर्वाचन गराउनका लागि वातावरण बनाउन सम्बन्धित सबै पक्षलाई आग्रह गर्दै पार्टीले बृहत् एकीकरण, ध्रुवीकरण र सहकार्यका लागि वार्ता गर्ने पनि निर्णय गरेको छ ।'

गत आइतबार नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का संयोजक बाबुराम भट्टराई, जनार्दन शर्मा, राम कर्मी, सुदन किराती, सन्तोष परियारलगायत नेताहरूको सक्रियतामा प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) घोषणा गरिएको थियो ।

प्रलोपाको अध्यक्ष परिषद्को विस्तारित बैठकले केन्द्रीय समितिको प्रथम पूर्ण बैठक यही मंसिर २५-२६ गते सम्पन्न गर्ने, विधान निर्माण, केन्द्रीय समितिको आकार र विभागहरू नामकाजी नभएर कामकाजी बनाउने, निर्वाचन क्षेत्रमा खट्ने सक्रिय युवालाई प्रत्येक निर्वाचन क्षेत्रबाट केन्द्रीय समितिमा समेट्ने गरी प्राथमिकता दिने, केन्द्रीय आयोग, केन्द्रीय विभागका प्रमुख, उपप्रमुख र प्रदेश अध्यक्ष परिषद्सम्म पदेन केन्द्रीय समितिको भूमिकामा रहने व्यवस्थासहित प्रस्ताव गर्ने निर्णय गरेको अध्यक्ष परिषद्का अध्यक्ष सोबले जानकारी दिइन् ।

उनका अनुसार आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधि सदस्य निर्वाचन र सुशासन केन्द्रित प्रचारप्रसारलाई तीव्रता दिन आइटी सञ्चारलाई व्यवस्थित गर्ने पनि पार्टीले निर्णय गरेको छ ।

# गृहमन्त्री अर्यालद्वारा प्रहरी वृत्त बौद्ध र प्रभाग साँखुको अवलोकन



काठमाडौं/मस-गृहमन्त्री ओमप्रकाश अर्यालले जेनजी आन्दोलनको समयमा क्षतिग्रस्त भएका प्रहरी वृत्त बौद्ध र प्रहरी प्रभाग साँखुको अवलोकन गरेका छन् ।

शनिबार उनले गत भदौ २४ गते जेनजी आन्दोलनका कारण क्षतिग्रस्त प्रहरी वृत्त बौद्ध र प्रहरी प्रभाग साँखुको अवलोकन गरेर प्रहरीले गरेको कामकारबाही र त्यस क्षेत्रको शान्तिसुरक्षाका बारेमा जानकारी लिए ।

अवलोकनका क्रममा गृहमन्त्री अर्यालले मुलुकमा शान्तिसुरक्षा कायम राख्न र अपराध नियन्त्रणका लागि प्रहरीलाई उच्च मनोबलका साथ काम गर्न निर्देशन दिए । उनले जेनजी आन्दोलनका कारण क्षतिग्रस्त संरचना पुनर्निर्माणमा नागरिकस्तरबाट नेपाल प्रहरीले ठूलो सद्भाव पाएको बताउँदै अब प्रहरीले शान्तिसुरक्षासँगै सुशासन प्रवर्धनमा लाग्नुपर्नेमा जोड दिए ।

गृहमन्त्री अर्यालसँगै काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख एवं प्रहरी अतिरिक्त महानिरीक्षक ईश्वर कार्की र जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले पनि उक्त क्षेत्रको अवलोकन गरेका थिए ।

# बजार अनुगमनलाई तीव्र पार्दै विभाग




काठमाडौं/मस-चाडबाडको समयमा मात्रै बजार अनुगमन गरेको र अन्य समयमा भने चुपचाप बस्ने गरेको भनेर वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागप्रति गुनासो हुने गरेको थियो । तर, विभागका पछिल्ला गतिविधि र बजार अनुगमनलाई आयोजकले तीव्र पारेको छ ।

विभागले शुक्रबार मात्रै काठमाडौंका विभिन्न आठ उद्योग तथा फर्मको अनुमगन गरेको थियो । त्यसक्रममा क्रिष्टल स्टोर तारकेश्वर गोलढुंगालाई दुई लाख पाँच हजार जरिवाना गरेको छ ।

विभागले अनुगमनको क्रममा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६ र दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारवाही गरेको हो । त्यसमा वस्तु तथा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बिक्री वा प्रदान गर्ने कार्यलाई अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिने उल्लेख छ ।

ऐनको दफा ३९ मा ' बजार अनुमगन, निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसुर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले जरिवाना गर्न सक्नेछन् । ऐन अनुसार अनुचित व्यपारिक क्रियाकलाप गरेको पाइएको खण्डमा निरीक्षण अधिकृतले अधिकतम दुई लाखदेखि तीन लाखसम्म जरिवाना गर्न सक्नेछन् ।

काठमाडौं महानगरपालिका ३१ नयाँ बानेश्वरमा अवस्थित घुम्ने किचेनलाई २० हजार जरिवाना गरेको छ । सिनामंगलको ग्रिन बड्स बेकरी क्याफेलाई पाँच हजार जरिवाना गरेको छ । ललितपुरको सुमेरु अस्पताल परिसरमा रहेको क्यान्टिनलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिएको छ । अन्य तीन फर्मलाई भने सामान्य निर्देशन दिइएको छ ।

# औषधि व्यवसायीद्वारा संशोधित औषधि ऐन सच्याउनुपर्ने माग




काठमाडौं/मस-नेपाल औषधि व्यवसायी संघ, काठमाडौंले संशोधित औषधि ऐन सच्याउनुपर्ने माग गरेको छ । संघले शनिबार विज्ञप्ति जारी गरी संघीय संसद्बाट पारित भएसँगै गत साउन १४ गतेदेखि लागू भएको ऐनको दफा ११ का केही व्यवस्थाले औषधि व्यवसायीहरूलाई चिन्तित बनाएको जनाएको छ ।

संघले 'सरकारद्वारा संशोधित औषधि ऐन, २०३५ को दफा ११ का उपदफा (३) र (५) सच्याउनुपर्ने माग गरेको हो ।

संशोधित दफा ११ अनुसार तोकिएको मितिभित्र उत्पादन अनुज्ञापत्र, सिफारिसपत्र तथा प्रमाणपत्र नवीकरण नगरेमा ३० दिनभित्र दोब्बर दस्तुर तिरी नवीकरण गर्न सकिने, तर उक्त अवधि पनि कटेमा प्रमाणपत्र स्वतः रद्द हुने व्यवस्था गरिएको छ ।

संघको भनाइअनुसार त्यस्तो कठोर प्रावधानले एक दिनको ढिलाइमै पनि दशकौंदेखि सञ्चालनमा रहेका व्यवसाय बन्द हुने खतरा रहेको छ ।

संघले आफ्ना माग पूरा नभएको भन्दै आइतबारदेखि विरोधका कार्यक्रम अगाडि बढाउनेसमेत जनाएको छ ।

संघ काठमाडौंका महासचिव शुभमान श्रेष्ठले उक्त व्यवस्थाले हजारौं व्यवसायीहरू विस्थापित हुने अवस्था आउने भन्दै सच्याउन आग्रह गरेका छन् ।

उनले भने, '२०५७ सालमा भएको दोस्रो संशोधनमा पनि यस्तै 'स्वतः रद्द' हुने व्यवस्था राखिएको थियो । तीव्र विरोधपछि विभागले औषधि दर्ता नियमावली २०३८ मा 'द्रष्टव्य' राखेर प्रावधान सच्याएको थियो । २०७२ मा सो द्रष्टव्य हटाइएपछि अब पुनः कठोर प्रावधान लागू भएको छ । यो व्यवसायीको हित विपरीत छ ।'

# छात्रावासलाई सहयोगी हात जुट्दै

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, १३ मंसिर

सल्यानको शारदा नगरपालिका-५ तल्लो मार्केस्थित श्री जनकल्याण प्राथमिक विद्यालयको छात्रावासमा अध्ययनरत असहाय बालबालिकाका लागि विभिन्न व्यक्तित्व तथा संस्थाहरूबाट सहयोग जुट्दै गएको छ ।

छात्रावासमा बस्ने विद्यार्थीहरूको दैनिकी सहज बनाउन निरन्तर रूपमा सामग्री तथा खाद्यान्न सहयोग भइरहेको विद्यालयले जनाएको छ ।

समाजसेवी टेकराज शाहीले आफ्नो जन्मदिनको अवसरमा छात्रावासका बालबालिकालाई चामल ५० किलो, खाने तेल ५ लिटर, अण्डा १ क्यारेकोट तथा नुन ३ पोका सहयोग गरेका छन् । त्यस्तै, पूर्व सांसद नेत्रलाल श्रेष्ठले ७ थान ब्लांकेट प्रदान गरेका छन् । स्थानीय रोषण फलफूल पसलले ५ दर्जन



केरा वितरण गर्दै बालबालिकाप्रति सद्भाव प्रकट गरेको छ ।

यसअघि पनि शारदा नगरपालिका र सहायक प्रधानाध्यापक कृष्ण ओलीको पहलमा विभिन्न दाताहरूले खाद्यान्न तथा कपडा सहयोग गर्दै आएका थिए । नगरपालिकाले जिल्लामै पहिलोपटक सामुदायिक विद्यालयमै छात्रावाससहितको शिक्षा सेवा सञ्चालन गरिरहेको छ । हाल सो छात्रावासमा ३१ जना असहाय बालबालिकासहित कुल ९३ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

विद्यालयका लागि नगरपालिकाले १० लाख रुपैयाँ विनियोजन गरी स्थानीय जनश्रमदानको सहकार्यमा नयाँ भवन निर्माण कार्य सुरु भइसकेको नगरप्रमुख प्रकाश भण्डारीले जानकारी दिए ।

एक समय बन्द हुने अवस्थामा पुगेको विद्यालय हाल विद्यार्थी संख्या बढ्दै ९३ जना पुगेपछि सुधारतर्फ अघि बढिरहेको उनले बताए ।

सहायक प्रधानाध्यापक कृष्ण ओलीले सहायताका सबै दाताहरू, सामाजिक व्यक्तित्व तथा स्थानीय समुदायप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यस्ता सहयोगहरूले बालबालिकाको मनोबल बढ्नुका साथै शिक्षाप्रति थप आशा र विश्वास जागेको बताए ।


## Vacancy Announcement

Nepal Police School, Garuda (Jingadiya) Rautahat invites application from the qualified,competent and self-motivated candidates for the following position.

| Level | Subject | Qualification | Type | No. |
|---|---|---|---|---|
| Secondary | Science | M.Sc. | Permanent (Residential) | 1 |

**Salary:** As per the scale of third class teacher of community school of Nepal government.

**Requirements:**

- Candidates must have Nepalese Citizenship and be under 40 years of age.
- Must have secured at least 50% or GPA 2.8 as a whole.
- Documents to submit: Handwritten application, CV, Citizenship Certificate, Mark/Grade Sheet from SEE/SLC to Master's Degree, Character Certificate and Teaching License.
- Registration Fee: Rs 1500 (One Thousand Five Hundred Rupees Only.)
- Selection Processes: Written exam, Practical, Class observation and interview.
- Must submit voucher of registration fee deposited in Nepal Bank Ltd. Ac. No.08100107832276000002 Chapur, Rautahat
- Application Deadline : 28th Mangsir 2082 by 4:00 pm
- Application submission address : Nepal Police School, Garuda Rautahat or email : mrpschool@nepalpolice.gov.np
- For more details : 9855089840, 985502169

**Nepal Police School**
**Garuda municipality-8, Rautahat**
**Estd : 2058**
**(Run by Nepal Police Welfare Fund)**

## युएई र कुवेतमा रोजगार

कम्पनी: MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०८/१२ चलानी नं.: ६०२४७८९६ LT. No.: 334316

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A/C Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1500 | ५८,३३५ | | | | | | | |
| 3. | Electrician. | 10 | 0 | | 1500 | ५८,३३५ | | | | | | | |
| 4. | Helper | 50 | 0 | | 1000 | ३८,८९० | | | | | | | |
| 5. | MASON | 10 | 0 | | 1500 | ५८,३३५ | | | | | | | |
| 6. | STEEL FIXER | 10 | 0 | | 1500 | ५८,३३५ | | | | | | | |

कम्पनी: ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०६/२२ चलानी नं.: ६०२४५७१५ LT. No.: 331996 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 200 | 0 | स. काममा दक्ष | 1000 | ३८,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Mohammed Abdulmohsin Al-kharafi & Sons L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२६ चलानी नं.: ६०२३७५०७ LT. No.: 323525 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 140 | 0 | स. काममा दक्ष | 1050 | ४०,८३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Prep Food Supplies Company शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०२/२५ चलानी नं.: ६०२२०७२५ LT. No.: 305986 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६९,७६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaner | 10 | 0 | | 120 | ५५,८१३ | | | | | | | |
| 3. | COMMI 1. | 10 | 0 | | 150 | ६९,७६६ | | | | | | | |
| 4. | Cook | 10 | 0 | | 250 | १,१६,२७७ | | | | | | | |
| 5. | LABOR | 10 | 0 | | 120 | ५५,८१३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २१ गते (7 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ३९७/०६०/०६१

**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४९६०५७६, ४९५०७१९
०१-४९६०५७६, 9810101810, 9813916322. Email: futurestarmp397@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
१४ मंसिर २०८२ आइतबार
30 November 2025 Sunday

सम्पादकीय

# अन्त्य होस् दलभित्रको दलन

देश लोकतान्त्रिक रूपान्तरणको दिशातर्फ अघि बढिरहे पनि राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र कमजोर छ । सबै वर्ग र समुदायको समानुपातिक प्रतिनिधित्व गराउन दलहरूले कन्जुस्याइँ गर्दै आएका छन् । विशेषतः समाजको पिँधमा रहेको दलित समुदाय सहभागिता, निर्णय प्रक्रियामा पहुँच र नेतृत्व निर्माणको अवसरबाट वञ्चित हुँदै आएका छन् । नेपालको राजनीतिक इतिहास जति लामो छ, दलित समुदायको सहभागिता पनि उत्तिकै लामो छ । तर मुख्य दलहरूका शीर्ष नेतृत्वमा दलित पुग्ने स्थिति बनेको छैन । यसले दलहरूमा आदर्श र व्यवहारबीच गहिरो खाडल देखिन्छ । सतही प्रतिबद्धता, भाषणमा दोहोरिने समावेशीता र दस्तावेजमै सीमित समान अवसरका नारा व्यवहार भने निकै कमजोर साबित भइरहेका छन् । परिणामतः दलभित्रै उब्जिने सूक्ष्म दलन, पद बाँडफाँटमा हुने पूर्वाग्रह र अवसर छान्ने प्रवृत्तिले दलित समुदायलाई संस्थागत रूपमा पछाडि धकेलिरहेको देखिन्छ ।

लोकतान्त्रिक पार्टीहरू विविधता, समान पहुँच र सहअस्तित्वको मूल मान्यतामा आधारित संगठन हुन् । तर उत्पीडित वर्ग समुदायमाथि दलनका नयाँनयाँ रूप देखापरिरहेका छन् । खुला विभेद घटेजस्तो देखिए पनि आन्तरिक पूर्वाग्रह, व्यवहारको भेद र संरचनागत दबाब अझै बलियो छ । दलित कार्यकर्तालाई देखावटी प्रतिनिधि बनाइए पनि उनीहरूको आवाज सुन्न बेवास्ता गर्नुले दलहरू र तिनका शीर्ष नेतृत्वमाथि निरन्तर प्रश्न उब्जाइरहेको छ । यसले दलित समुदाय अन्यायमा मात्र परेको छैन, समग्र लोकतन्त्रलाई नै कमजोर बनाइरहेको छ ।

यस्ता प्रवृत्ति अन्त्यका लागि दलहरूले अब भाषण र कागजी प्रतिबद्धताभन्दा संरचनामै सुधार गर्नुपर्ने खाँचो छ । त्यसका लागि प्रतिनिधित्वलाई कोटामा सीमित नराखी निर्णय तहमा पुग्ने बाटो खोल्नुपर्छ । नेतृत्व चयन, कार्यविभाजन र मनोनयनमा जातीय पूर्वाग्रह अन्त्य गरी क्षमतालाई आधार बनाइनुपर्छ । अर्को, दलभित्र अनिवार्य समावेशीता लागू गर्ने कडाइका नियम बनाउनुपर्छ, ताकि जनसंख्याका आधारमा प्रभावकारी प्रतिनिधित्व होस् । प्रभावकारी सहभागिताबिना उनीहरूको आवाज औपचारिकता मात्र बन्न पुग्छ । अहिले भइरहेको पनि त्यही हो । दलितको प्रतिनिधित्व र नेतृत्व बढ्नु एउटा समुदाय विशेषको विषय मात्र होइन, हाम्रो लोकतान्त्रिक अभ्यासको स्वास्थ्य परीक्षणको कसी पनि हो । लोकतन्त्रलाई बलियो बनाउन आन्तरिक असमानता अन्त्य गर्नु दलहरूको दायित्व पनि हो । यही बाटोबाट मात्र समावेशी लोकतन्त्र र न्यायपूर्ण समाजको आधार निर्माण हुन सक्छ ।

# नहुनेलाई दिने स्वास्थ्य नीतिको खाँचो

*उपचारमा पालो कुर्दाकुर्दै बिरामीको मृत्यु हुने अवस्थाको अन्त्य कहिले हुने ? परीक्षण गर्दा रिपोर्ट आउन ढिलो हुने, रिपोर्ट आएपछि फेरि उपचार हुने/नहुने चिन्तामा छटपटिनुपर्ने- यस्ता समस्या कहिले अन्त्य होलान् ?*

अग्रलेख



● गोविन्द विक

नागरिकले प्राप्त गर्ने स्वास्थ्य अधिकारलाई संविधानले नैसर्गिक अधिकारको रूपमा स्थापित गरेको छ । सबै नागरिकले राज्यबाट सर्वसुलभ तवरबाट स्वास्थ्य सेवा पाउने नीति तथा ऐनमा प्रष्ट छ । तर पनि राज्यले नागरिकलाई दिने स्वास्थ्य सेवा अझै नागरिकमैत्री छैन । हुँदाखाने नागरिकको पहुँचमा स्वास्थ्य सेवा नहुनु निकै दुःखद पक्ष हो । सामान्य अवस्थाको बिहान-बेलुका ज्याला-मजदुरी गरी जीविकोपार्जन गर्ने नागरिकलाई जटिल रोग लाग्यो भने उपचार सहजरूपमा राज्यबाट पाउने अवस्था छैन ।

उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका वडा नं. ९ बस्ने १० वर्षीया बालिकाको मृगौलामा समस्या भएर काठमाडौंको कान्ति बाल अस्पतालमा भर्ना गरी उपचार हुँदै थियो । उपचारको क्रममा ती बालिकालाई मृगौलामा नेफ्रोटिक सिन्ड्रोम भन्ने गम्भीर खालको रोग लागेको पत्ता लाग्यो । डाक्टरको भनाइअनुसार उक्त रोग वयस्कलाई लाग्ने तर बालिकामा देखिनु निकै जटिल किसिमको हो । यो रोग ठीक पनि हुन सक्छ, नहुन पनि सक्छ, तर यसको लागि लामो उपचार चाहिन सक्छ । उपचार हुँदै थियो, बालिका दिनदिनै सिथिल हुन थालिन् । त्यसैक्रममा बालिकालाई आइसीयुमा राखेर उपचार गर्नुपर्ने अवस्था आयो ।

बालिकाको अवस्थाअनुसार अस्पतालको आइसीयुमा राखेर आवश्यक उपचार गरियो । तर बालिकालाई ठीक हुने अवस्था देखिएन । डाक्टरहरूको तर्फबाट उहाँहरूले गर्न सक्ने सबैखाले उपचार गरिनै रहनु भएको थियो । रोगअनुसार नै औषधिहरू चलाइने, सकेसम्म रोग निको बनाउने उद्देश्यले डाक्टरको टिमले भरपुर प्रयास गरिरहनु भएको थियो । तर त्यसरी उपचार गर्दा पनि बालिकालाई खास सुधार आएन ।

बालिकालाई २ स्टेपको टीबीको औषधि पनि सेवन गराइरहेको अवस्था थियो । डाक्टरको भनाइअनुसार मृगौलाको बायोप्सी परीक्षणका लागि भारत पठाउनु पर्ने, त्यसका लागि समय लाग्ने जानकारी गराइयो ।

सत्ताको नेतृत्वमा पटक-पटक पुगेकाहरू नै मृगौलाको समस्यासँग अपरिचित होइनन्, तर राज्यको स्वास्थ्य संस्थामा अहिलेसम्म एउटा मृगौलाको बायोप्सी गर्ने उपकरणको व्यवस्था नहुनु लज्जाजनक अवस्था हो । मृगौलासम्बन्धी अवस्था पत्ता लगाउन बायोप्सी गर्न भारत पठाउनुपर्ने जानकारी भएपछि थप उपचारका लागि बालिकालाई भारत नै लैजाने निर्णय परिवारले गर्‍यो । तर, त्यो परिवारको आर्थिक अवस्था कमजोर थियो । हारगुहार चन्दा संकलन गरी बालिकालाई भारतको अस्पताल लैजाने तयारी गरियो ।

अस्पतालले रिफर त गर्‍यो तर लाने कसरी ? बिरामी लैजानका लागि परिवारले निकै कसरत गर्नुपर्‍यो । सरकारी एम्बुलेन्सको व्यवस्था नभएको, प्राइभेट एम्बुलेन्सको भाडा निकै महँगो हुने रहेछ । सामान्य मानिसले एयर एम्बुलेन्स वा एयर हेलिको खर्च तिर्न सक्ने अवस्था नै हुँदैन । जसोतसो ती बालिकालाई भारतको चण्डीगढस्थित पीजीआई अस्पतालमा लगेर अहिले उपचार भइरहेको छ । स्वास्थ्यमा पनि क्रमिक रूपमा सुधार आइरहेको छ ।

बालिको घटना उदाहरण मात्रै हो । सरकारी अस्पतालमा यस्तै समस्या थुप्रै छन् । एमआरआई गर्न महिनौं पालो कुर्नुपर्ने अवस्था अहिले पनि जीवितै छ । निजी अस्पतालमा एमआरआई गराउँदा तुरुन्त हुन्छ, तर महँगो शुल्क तिर्न बाध्य हुनुपर्छ । स्वास्थ्य बीमा नेपाल सरकारले चलाएको कार्यक्रम हो । नेपाल सरकारको कार्यक्रममा




स्वास्थ्य बीमाले जटिल रोगको उपचार गर्दा महँगो परीक्षण व्यहोर्दैन । त्यसैगरी औषधि लिन पनि सस्तो औषधि मात्र बीमामा पर्छ, महँगो औषधि सबै बिरामीले आफैँ खरिद गर्नुपर्ने उल्टो अवस्था छ । बीमा पनि नाम मात्रको छ । यसबाट जति सुविधा हुनु पर्थ्यो, त्यो भएको छैन । यसमा सरकारले आवश्यक नीति परिमार्जन गरेर तत्काल सुधार गर्नुपर्ने अवस्थालाई बेवास्ता किन गर्दैछ ?

निमुखा हुँदाखाने जनताले महँगो उपचार गर्न सक्दैनन् । यसमा राज्य सारथी हुनुपर्ने हो, तर त्यो छैन । उपचार नपाएर निमुखा नागरिक मृत्युवरण गरिरहेका छन् । राज्यले निःशुल्क उपलब्ध गराउने भनिएका करिब ५८ प्रकारका औषधिहरू पनि सस्ता र सामान्य औषधि हुन, जुन नहुने नागरिकले पनि खरिद गर्न सक्छन् । तर जटिल रोगका महँगा औषधि नहुने नागरिकले आफैँ खरिद गर्नुपर्छ । यो स्वास्थ्य सेवा नहुनेमैत्री कसरी हुन सक्छ ? नहुनेका लागि सेवा दिनु राज्यकै दायित्व हो । जबसम्म सडक पिच गर्नुलाई विकासको मापन गरिन्छ, तबसम्म स्वास्थ्य, शिक्षा जस्ता जनताका अनिवार्य सेवा ओझेलमै पर्छन् ।

हुनेखाने जनता त महँगो स्वास्थ्य सेवाको खर्च व्यहोर्न सक्छन् तर निमुखा नागरिकका लागि सम्भव छैन । सरकारले हुनेबाट लिने र नहुनेलाई दिने स्वास्थ्य नीतिको अवलम्बन गर्नुपर्छ । हुनेबाट लिएर नहुनेलाई दिने अभ्यास भयो भने निमुखा जनताले पनि सहजरूपमा राज्यबाट उपलब्ध स्वास्थ्य सेवा सहजै पाउँछन् । हुम्ला-जुम्लाको कुरा गर्दा सामान्य सिटामोल पनि समयमा नपाएर मानिसहरू स्वास्थ्य समस्याले छटपटिरहेका छन् ।

निमुखा सामान्य नागरिकले राज्यबाट सबै प्रकारका स्वास्थ्य सेवाहरू सहजरूपमा प्राप्त गर्नका लागि के व्यवस्था चाहिन्छ ? जबसम्म स्वास्थ्य सेवा राज्यकै एकलौटी हुँदैन, तबसम्म निमुखा जनता स्वास्थ्य सेवाबाट सधैँ टाढा रहन्छन् । निमुखा जनताले स्वास्थ्य सेवा पाउने गरी बनेका कानुन कार्यान्वयन नगर्दासम्म स्वास्थ्य सेवा 'आकाशको फल-आँखातिर मर' भने जस्तै रहिरहन्छ । पैसाकै अभावले

> *निमुखा जनताले स्वास्थ्य सेवा पाउने गरी बनेका कानुन कार्यान्वयन नगर्दासम्म स्वास्थ्य सेवा 'आकाशको फल-आँखातिर मर' भने जस्तै रहिरहन्छ । पैसाकै अभावले स्वास्थ्य उपचार नभइ नागरिकको ज्यान जाने अवस्था रहिरहँदासम्म सरकारबाट अन्य आशा गर्न सकिन्न ।*

स्वास्थ्य उपचार नभइ नागरिकको ज्यान जाने अवस्था रहिरहँदासम्म सरकारबाट अन्य आशा गर्न सकिन्न ।

सरकारले गम्भीर प्रकृतिका घातक रोग उपचारका लागि सुविधा दिनुपर्छ, नहुनेलाई निःशुल्क हुनुपर्छ । स्वास्थ्य सेवा सबैले वहन गर्न सक्ने बनाउने गरी सरकार गम्भीर नभएसम्म स्वास्थ्यको विकास भएको मानिँदैन र यसले मुलुकको समृद्धिको यात्रामा समेत ठेस लाग्न सक्छ । कम्तिमा उपचारका लागि आवश्यक परीक्षण उपकरणहरू मुलुकभित्रै उपलब्ध हुन जरुरी छ । राज्यका उच्च ओहदामा बस्नेहरूको उपचार पनि मुलुकमै सम्भव हुनुपर्छ । मुलुकभित्रका स्वास्थ्य संस्थामा नै उच्च नेतृत्वको उपचार हुने व्यवस्था भयो भने सर्वसाधारणलाई पनि विश्वास हुन्छ कि उपचार मुलुकमै सम्भव छ ।

उपचारमा पालो कुर्दाकुर्दै बिरामीको मृत्यु हुने अवस्थाको अन्त्य कहिले हुने ? परीक्षण गर्दा रिपोर्ट आउन ढिलो हुने, रिपोर्ट आएपछि फेरि उपचार हुने/नहुने चिन्तामा छटपटिनुपर्ने- यस्ता समस्या कहिले अन्त्य होलान् ?

सरकारी स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति पुग्दो छैन । सरकारी स्वास्थ्य संस्थामा छिटो र छरितो सेवा प्रभाव अझै छैन । सरकारी स्वास्थ्य संस्थाहरूमा हुने गरेको ढिलासुस्तीलाई सम्बन्धित पक्षले बेवास्ता गरिरहेको छ ।

थप उपचारका लागि अन्यत्र जानुपरेमा सरकारी सेवामार्फत लैजाने व्यवस्था नै छैन । निमुखा जनताको स्वास्थ्य ग्यारेन्टीका लागि राज्यले थप योजना बनाउनु पर्ने आवश्यकता छ । न उपकरण, न जनशक्ति, न व्यवस्थापन चुस्त-दुरुस्त, न सेवा छिटो छरितो- यस्तो अवस्थामा समृद्धि कसरी हुन्छ ? अन्य क्षेत्रको बजेट कम गरेर भए पनि स्वास्थ्य क्षेत्रको विकासका लागि सरकारले संवेदनशील भएर काम गर्नुपर्ने अवस्था छ ।

## इतिहासमा आज

३० नोभेम्बर २०१८ मा अलास्काको एन्कोरेज नजिकै ७.१ म्याग्निच्युडको भूकम्प जाँदा भौतिक संरचनामा ठूलो क्षति पुऱ्यायो तर मानवीय क्षति भने भएन ।



३० नोभेम्बर १९६७ मा दक्षिणी यमनको जनवादी गणतन्त्रले संयुक्त अधिराज्यबाट आफ्नो स्वतन्त्रता प्राप्त गऱ्यो ।



३० नोभेम्बर १९६७ मा पाकिस्तान पिपुल्स पार्टीको स्थापना जुल्फिकार अली भुट्टोले गरेका थिए, जो यसको पहिलो अध्यक्ष बने ।



३० नोभेम्बर १९९९ मा संयुक्त राज्य अमेरिकाको सियाटलमा, विश्वव्यापीकरण विरोध प्रदर्शनकारीहरूले विश्व व्यापार संगठनको बैठकको विरुद्धमा प्रदर्शन गरे । उनीहरुको प्रदर्शनका कारण उद्घाटन समारोहहरू रद्द गर्न बाध्य पारियो ।



# निर्वाचन प्रणाली सच्याउनुपर्ने बहस

विचार



● रूपा अर्याल

> *आवश्यक परे चुनाव पर सारेर भए पनि सबैभन्दा पहिला गलत निर्वाचन प्रणालीलाई नै संशोधन गर्नु बुद्धिमानी हुने देखिन्छ । बिना सुधार पुनः चुनावतिर धकेलिनु भनेको विगतकै त्रुटि दोहोऱ्याउनु मात्र हुनेछ ।*

वर्तमान राज्य व्यवस्थाको जरोमै रहेको मूल समस्यामध्ये सबैभन्दा महत्वपूर्ण र गम्भीर समस्या निर्वाचन प्रणालीकै त्रुटिपूर्ण संरचना हो । अहिले अवलम्बन भइरहेको चुनाव प्रणालीले न त वास्तविक प्रतिनिधित्व सुनिश्चित गर्न सकेको छ, न त जनताको करबाट गठन भएको राज्यकोषको सदुपयोग नै भएको छ । बरु, पुरानै ढर्राको महँगो चुनाव पद्धतिले गरिब जनताको बोझ बढ़ाउने र राज्यको संसाधनको अपव्यय गर्ने काम मात्र गरेको छ । यस्तो व्यवस्थाले बहुमतको सट्टा अल्पमतकै आधारमा प्रतिनिधि चुन्ने अनुमति दिएको छ, जसले ५१ प्रतिशत भोटसमेत नपाएको व्यक्ति विजयी बन्ने मार्ग खोलिदिन्छ । यसले लोकतन्त्रीकरणको मूल भावनालाई कमजोर बनाउँछ र विशेषगरी आर्थिक हैसियत कमजोर जनताका लागि राज्यशक्तिमा प्रवेश गर्ने बाटो लगभग अवरुद्ध बनाइदिन्छ । महँगो चुनाव खर्च व्यवस्थापन गर्नुपर्दा भ्रष्टाचार बढ्ने, विदेशी शक्तिसँग आर्थिक निर्भरता पैदा हुने र विभिन्न दलहरुले दूतावासहरूसँग समेत सहयोग मागेको स्वीकारोक्ति जनताका लागि गम्भीर चिन्ताको विषय बनेका छन् ।

अनुभवले देखाएको अर्को समस्या भनेको, जस्तोसुकै नागरिकलाई अङ्गिकृतदेखि लिएर आपराधिक पृष्ठभूमि राख्ने व्यक्तिसम्म उच्च संवैधानिक पदमा पुग्न सक्ने खुला मार्गले राज्यव्यवस्थाको नैतिकतामाथि प्रश्न उठाएको छ । ठूला दल तथा तिनका शीर्ष नेताहरूको एकाधिकार, ह्वीप प्रणालीअन्तर्गत सांसदले स्वविवेक प्रयोग गर्न नपाउने अवस्था, बदमाशी वा गैरजिम्मेवारीपूर्ण व्यवहार गर्ने प्रतिनिधिलाई मतदाताले फिर्ता बोलाउन नसक्ने कमजोरी, यी सबै मिलेर वर्तमान चुनाव प्रणालीलाई आमूल रूपमा संशोधन गर्नुपर्ने आवश्यकता स्पष्ट देखिन्छ । जबसम्म निर्वाचनको आधारभूत संरचनामै सुधार हुँदैन, तबसम्म राम्रो शासनको अपेक्षा गर्नु स्वयं जनतासँगै राज्यसँग पनि अन्याय हुनेछ ।

यद्यपि, प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्थाले केही हदसम्म राहत दिन सक्छ भन्ने मान्यतालाई खारेज गर्न सकिन्न । तर विभिन्न देशको अनुभवले देखाइदिएको छ कि प्रत्यक्ष राष्ट्रपतिको व्यवस्था समस्याको पूरै समाधान भने होइन । यदि यस व्यवस्थासँगै आर्थिक संरचनाको क्रान्तिकारी पुनर्संरचना गर्न सकिएन भने, सत्ताको स्वरूप परिवर्तन भएर पनि शासनशैली र राज्यप्रतिको जनविश्वासमा मूलभूत परिवर्तन आउनेछैन । त्यसैले, प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको प्रस्तावलाई विरोध गर्न आवश्यक नहुँदा पनि, यो मात्र पर्याप्त छ भन्ने भ्रमबाट मुक्त हुन जरुरी छ । राजनीतिक संरचना र आर्थिक संरचना दुवैमा एकसाथ परिवर्तन नगरेसम्म वास्तविक सुधार सम्भव हुँदैन । यही पृष्ठभूमिमा, आवश्यक परे चुनाव पर सारेर भए पनि सबैभन्दा पहिला गलत निर्वाचन प्रणालीलाई नै संशोधन गर्नु बुद्धिमानी हुने देखिन्छ । बिना सुधार पुनः चुनावतिर धकेलिनु भनेको विगतकै त्रुटि दोहोऱ्याउनु मात्र हुनेछ ।

प्रतिनिधित्वको वास्तविकता पुनःप्रतिकृत नहुने, भ्रष्टाचारलाई फेरि अवसर दिने, र अल्पमतलाई बहुमतको रूपमा प्रतिपादित गर्ने गलत संरचनालाई निरन्तरता दिनु कुनै पनि लोकतान्त्रिक दृष्टिकोणले स्वीकार्य हुन सक्दैन । वर्तमान सरकारबारे जनतामा फैलिएको अविश्वास पनि यसैबीच गम्भीर प्रश्नको रूपमा उठेकै छ । पुराना भ्रष्टाचारी दल र नयाँ पुस्ताबीचमा दोहोरो नाच्ने प्रवृत्ति, अपराधी तथा हत्याराहरूमाथि ठोस कारबाही गर्न नचाहने अनिच्छा र युवा पुस्ताको वास्तविक जेनजीका मागलाई बेवास्ता गर्ने व्यवहारले यो सरकार सर्वस्वीकार्य बन्न असफल भएको देखिन्छ । माथिबाट विदेशी स्वार्थअनुसार सञ्चालन भइरहेको भन्ने आरोप र आशंका समेत जोडिँदा, यस्तो सरकारसँग गहिरो संरचनागत सुधार गर्ने सामर्थ्य छ भन्ने विश्वास जनता राख्न कठिन छ । यसैले, यदि सरकारले तुरुन्तै सुधारका दिशामा दृढ र विश्वसनीय कदम चाल्न सकेन भने, जनताले स्वतः स्वाधीन संयुक्त अन्तरिम सरकार गठनको बाटो रोज्न बाध्य हुनुपर्ने परिस्थिति निर्माण हुँदै गएको देखिन्छ ।


नयाँ निर्वाचन प्रणाली तोकिँदा अहिलेका सबै प्रमुख विकृतिबाट मुक्त हुने सुनिश्चितता अत्यावश्यक छ । यस्तो प्रणालीले केवल ठूला दलका पहुँचवाला व्यक्तिलाई होइन, सामाजिक, आर्थिक र राजनीतिक रूपमा पछाडि परेका गरिब तथा उपेक्षित वर्गका प्रतिनिधिहरूलाई समेत संसदमा बहुमतका साथ प्रवेश गर्ने अवसर दिन सक्षम हुनुपर्छ । प्रतिनिधित्वको वास्तविक मापदण्ड त्यतिबेलामात्र स्थापित हुन्छ जब संसद स्वयं देशका गरिब तथा श्रमजीवी जनताको वास्तविक स्वरूपको प्रतिबिम्ब बन्न सक्छ । त्यसैले, सुधारको केन्द्र राजनीतिक शक्ति कसले पायो भन्नेमा सीमित नबनाई, कसरी पायो र कोका लागि पायो भन्ने कुरामा केन्द्रित हुनुपर्छ । यही दृष्टिकोणले मात्र लोकतन्त्रलाई सार्थक र राज्यव्यवस्थालाई जनमुखी बनाउन सक्षम हुनेछ ।

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

अमेरिका-रुसको रणनीतिक दाउपेचबाट सुरु भएको रुस-युक्रेन युद्धमा अमेरिका किनारा लाग्न खोज्दा युरोप-रुसबिचको तनाव झन् बढ्दो । तर, युरोपको अवस्था ऋण लिएर जुवा खेल्दै हार्दै जाने जुवाडेजस्तै । युरोप-रुसको तनावमा युक्रेन झन् पिल्सिँदै जानेछ । यस्तो तनाव विश्व शान्तिका लागि पनि जोखिमपूर्ण छ ।



**किशोर नेपाल**

जेनजी आन्दोलनपछि आ-आफ्ना स्वार्थको रोटी सेक्नेहरू बग्रेल्ती देखिए । आन्दोलनपछि सामाजिक-राजनीतिक परिदृश्य बदलिन थालेको दावा गरियो । तर, परिवर्तनले निरन्तरता पाउने सम्भावना नै थिएन । जो जहाँ थियो, त्यो त्यही थियो !



**रोशन खड्का**

नयाँ गर्छु भन्नेहरूका नाममा- अहिले नै आफू प्रधानमन्त्री-मन्त्री बन्नुपर्ने हतार, पार्टीमा पनि अध्यक्ष नभए महामन्त्री चाहिने लालसा । अरूको अस्तित्व स्विकार्न नसक्ने अहंकार, नेता बन्न जे पनि गर्न तयार मनोवृत्ति । यिनै चाल-चलनले फेरि उही पुरानै ठाउँमा पुऱ्याउँछ । यो बाटो नयाँ होइन भनेर कसले बुझाइदिने ?



**सुनिल कुमार शर्मा**

पूर्ववर्ती सरकारहरूले नियतवश र षड्यन्त्रपूर्णरूपमा गरेका गलत कामहरूको पुनर्विचार गर्न आवश्यक छ । देश अगाडि बढ्नका लागि विगतका त्रुटिहरूको इमानदार मूल्यांकन र सुधारका कदमहरू चाल्नु पर्छ । सहकारी पीडितले क्षतिपूर्ति पाउने व्यवस्थासहित सरकारले रवि लामिछानेका विषयमा निर्णय गर्नु आवश्यक छ ।

मध्यान्ह
www.madhyanhadaily.com


सेफर्ड चिल्ड्रेन स्कुल विवाद


# सञ्चालक राईमाथि लाखौं ठगीको आरोप

**तेज बन/मध्यान्ह**
इटहरी, १३ मंसिर

सुनसरीको इटहरी-४ हरियाली मार्गस्थित सेफर्ड चिल्ड्रेन एकेडेमी स्कुलका सञ्चालक मिलन राईले गरेको बदमासीका कारण आफू सडकमा आउन बाध्य भएको एक व्यक्तिले बताएका छन् ।

कुनै समयमा सोही विद्यालयमा एकसाथ काम गरेका शिक्षक रञ्जित कुमार शाहले पत्रकार सम्मेलनमार्फत सञ्चालक मिलन राईले आफूसहित अन्य पार्टनरलाई धोका दिइ लाखौं रुपैयाँ ठगेको आरोप सार्वजनिक गरेका छन् । राइकै कारण आफू आज सडकमा आउनु परेको उनले आरोप लगाए । शाहसहित केही शिक्षक-कर्मचारीहरूले सञ्चालक राईमाथि विभिन्न अनियमितता तथा दुर्व्यवहार गरेको आरोप लगाएका छन् ।

शाहका अनुसार करिब ८० लाख रुपैयाँमा विद्यालय बिक्री गर्ने प्रक्रिया अघि बढिरहेको बेला आवश्यक कागजात नपुग्दा पनि राईले गैरकानुनी तरिकाले इटहरी उप-महानगरपालिकाका केही कर्मचारीसँग मिलेमतो गरी विद्यालय आफ्नो नाममा नामसारी गरेका छन् । उनले आफूसहित अन्य पार्टनरलाई पनि धोका दिइएको दाबी गरे । शाहले आवश्यक कागजात अपूरो भएको र अर्का सञ्चालक शिवप्रसाद






तिम्सिनासँग पनि सम्पर्क हुन नसकेको उल्लेख गर्दै यस्तो अवस्थामा कारोबार अघि बढ्न नहुने भएपनि विद्यालय राईको नाममा कसरी नामसारी भयो ? भनेर प्रश्न उठाए ।

शाहका अनुसार आफूलाई तोकिएको रकम नदिइएको र सात महिनाको पारिश्रमिकसमेत रोकिएको छ। पारिश्रमिक माग्ने शिक्षकलाई शौचालयमा थुन्ने, अनाहक मुद्दा लगाएर थुनाउने र प्रहरी पठाएर यातना दिने घटनाहरू भएको पनि पीडित पक्षको आरोप छ ।

यस्तै, शाहले भने सञ्चालक राईले थप दबाब सिर्जना गर्ने, आत्महत्याको नोट लेखेर फरार रहने, धम्की दिने, झुटा उजुरी दर्ता गराई पटक-पटक प्रहरीमा हाजिर हुन बाध्य पार्ने जस्ता गतिविधि गरेको आरोप लगाए ।

उनका अनुसार न्यायिक समितिमा पुगेको विवादको मुद्दामा निर्णय आउन लाग्दा-लाग्दै राई सम्पर्कविहीन भएका छन् ।

विद्यालयका अन्य शिक्षक-कर्मचारीहरूले समेत तलब रोक्ने, २ वर्षका झुटो सम्झौता बनाउने, विद्यालय प्रवेशमा रोक लगाउने, नक्कली भौचर तयार गर्ने, झुटा मुद्दा दायर गर्ने तथा सामाजिक सञ्जालमा फेक एकाउन्टमार्फत भ्रम फैलाउने जस्ता अनियमितता भएको उनले आरोप लगाए ।

साथै मार्कसिट तथा प्रमाणपत्र वितरणमा समेत अनियमितता हुने, समयमा कागजात नदिने समस्या पनि रहेको उनीहरूको भनाइ छ ।

यता राईले मध्यान्हसँग कुरा गर्दै आफूमाथि लगाइएका सबै आरोप कपोकल्पित र झुटा भएको दाबी गरे ।

आफू प्रमाणसहित त्यसको खण्डन गर्न तयार रहेको उनले बताए । शाहले देखाएको कागजपत्रकै आधारमा आफू निर्दोष सावित गरिदिने पनि उनको दाबी छ। राईले थप आरोप लगाउँदै भने,'शाहले सञ्चालन गरेको एउटै स्कुल १० जनालाई बिक्री गरेको प्रमाण मेरो हातमा छ ।'

उनका अनुसार शाहले १५वर्षसम्म ह्वाइट सोल एकेडेमी स्कुल चलाएर आफू (राई)सँग सहकार्य गरी सेफर्ड लिएका थिए । तर पछि शाहले विद्यालय आफ्नै नाममा पार्ने योजना बनाउँदै उल्टै लाखौं ऋण आफूमाथि बोकाउन खोजेपछि आफू पन्छिएको राईको भनाइ छ ।

राईले अब शाहविरुद्ध कानुनी लडाइँ लड्ने चेतावनी पनि दिएका छन् । उनले भने,'यदि म दोषी सावित भए कानुन अनुसार जस्तो पनि सजाय भोग्न म तयार छु ।'

# काठमाडौं महानगरमा घर चर्केको उजुरी बढ्यो

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिकामा भवन निर्माणका लागि बेसमेन्ट खन्दा निर्माण पक्षले सुरक्षा उपाय नअपनाएका कारण छिमेकीको घर चर्केको उजुरी संख्या बढ्न थालेको छ ।




पछिल्लो समय घर चर्केको मात्रै नभइ कोल्टिएको, घरमा बस्न असुरक्षा भएको कारण बताउँदै क्षतिपूर्तिको मागसहित उजुरी दिने छिमेकीको संख्या बढ्न थालेको कामपा सहरी व्यवस्थापन विभागका प्रमुख इन्जिनियर हरिश्चन्द्र लामिछाने जानकारी दिए ।

उनका अनुसार भवन नक्सा स्वीकृत गर्दा नै यस प्रकारको काम गर्दा सुरक्षा उपाय बलियो प्रबन्ध गर्न, छिमेकीलाई असर नगर्न घरधनीले प्रतिबद्धता गर्नुपर्ने माग गरिएको छ। उनले भने, 'यस्ता समस्या पहिले थोरै सुनिन्थे। अहिले बढ्न थाले। यसको दिगो समाधानका लागि प्राविधिक र सामाजिक पक्षको अध्ययन गर्नुपर्छ। विज्ञ र साझेदारको सहयोगमा हामी यो समस्या समाधानलाई अगाडि बढाउँछौं।'

'कानुनी मर्यादामा निर्माण पक्षले लापर्वाही गर्दा समस्या आएका हुन्', लामिछाने थप थपे, 'भवन नक्सा स्वीकृति लिँदा तोकिएका सर्तहरूको पूर्ण पालना हुनुपर्छ। सर्त पूरा नहुँदा विवाद सृजना हुन थाले । यसले निर्माण अवधि पनि लामो हुन्छ । खर्च बढ्छ ।'

यसरी उजुरी परेपछि प्राविधिक टोलीलाई फिल्ड निरीक्षणमा पठाएर प्राविधिक टोलीले दिएको प्राविधिक प्रतिवेदनअनुसार कुन प्रक्रिया अवलम्बन गर्दा पीडितको क्षति कम हुन्छ । त्यसबाट कारबाही अगाडि बढाउने गरिएको लामिछानेको भनाइ छ ।

विभागका स्ट्रक्चर इन्जिनियर सन्तोष पाण्डेयका अनुसार बेसमेन्ट खनेका आफ्नो घर चर्किएको भनेर उजुरी दिनेहरूको संख्या दैनिक ३० को हाराहारीमा पुगेको छ । वडा नम्बर १३, १४, १५, ७ लगायत वडाबाट धेरै उजुरी र गुनासो रहेको पाण्डेयको भनाइ छ ।

जिओटेक्निकल इन्जिनियर उदयराज न्यौपानेले भने, 'मानिस मानिस छिमेक भएजस्तै जमिन सतहको माटोको पनि आपसमा सम्बन्ध हुन्छ । यसलाई खन्दा सम्बन्ध टुट्छ। यो पक्षलाई नबुझ्दा समस्या आएको हो । भवन निर्माण गर्दा भवन निर्माण संहिताले निर्माण सुरक्षा अपनाउनुपर्ने व्यवस्था गरेको छ । यस्तै मुलुकी देवानी संहिता २०७० को परिच्छेद ३ को दफा २७८ बमोजिम निर्माणसम्बन्धी काम गर्दा सुरक्षात्मक उपाय अपनाउनुपर्छ । कुनै व्यक्तिले आफ्नो घर वा जग्गामा कुनै काम गर्दा सधियारको घर वा जग्गा वा सधियारलाई कुनै किसिमको हानिनोक्सानी नहुने वा असर नपर्नेगरी सुरक्षात्मक उपाय अपनाउनुपर्नेछ ।'

# सञ्चारकर्मी आचार्यको मृत्युपछि आफन्तद्वारा प्रदर्शन

**सुर्खेत/मस-** प्रेस सेन्टर नेपाल कालिकोटका अध्यक्ष तथा रेडियो तिला आवाजका स्टेसन म्यानेजर सञ्चारकर्मी वीरेन्द्र आचार्यको सडक दुर्घटनामा मृत्यु भएपछि उनका आफन्तहरूले घटनाको सत्य तथ्य छानबिनको माग गर्दै प्रदर्शन गरिरहेका छन् ।



सुर्खेतको वीरेन्द्रनगर नगरपालिका २ नम्बर वडा कार्यालय अगाडि शुक्रबार साँझ भएको दुर्घटनामा आचार्य सवार लुम्बिनी प्रदेश ३६ प ३८८६ नम्बरको स्कुटीलाई कर्णाली प्रदेश ०२००३ प १७४४ नम्बरको मोटरसाइकलले ठक्कर दिदा उनको मृत्यु भएपछि उनका आफन्त सहित कालीकोटका स्थानीयहरूले शनिबार बिहानदेखि वीरेन्द्रनगरको यरी चोक, मुलपानी चोकमा टायर जलाएर प्रदर्शन गरिरहेका जिल्ला प्रहरी कार्यालय सुर्खेतले जानकारी दिएको छ ।

प्रदर्शनकारीहरुले शान्तिपूर्ण प्रदर्शन गर्ने भने पनि अहिले वीरेन्द्रनगर पूर्ण रूपमा तनावग्रस्त बनेको छ । प्रदर्शनकरीहरूले यरिचोकको चारैतिर डोरी लगाई सवारीआवतजावत पूर्ण रूपमा निषेध गरेका छन् । शुक्रबार राति वीरेन्द्रनगरको मुलपानीबाट भुरेली तर्फ जाँदै गरेका २३ वर्षीय यामबहादुर शाहीले चलाएको मोटरसाइकल र ३४ वर्षीय आचार्यले चलाएको स्कुटी एकआपसमा ठोक्किँदा दुवै घाइते भएका थिए ।

गम्भीर घाइते भएका सञ्चारकर्मी आचार्यको उपचारका क्रममा प्रदेश अस्पतालमा निधन भएको र मोटरसाइकल चालक शाहीको अवस्था भने मध्यम रहेको प्रहरीले जनाएको छ ।

# धारिलो हतियार प्रहार गर्दा श्रीमती गम्भीर घाइते

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १३ मंसिर

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-६ मग्मामा श्रीमानले धारिलो हतियार प्रहार गर्दा श्रीमती गम्भीर घाइते भएकी छिन् ।

विकास सार्कीले आफ्नै श्रीमती राधा सार्कीको घाँटीमा धारिलो हतियार प्रहार गरेका हुन्। राधाको जिल्लास्थित सल्ले अस्पतालमा उपचार भइरहेको छ । परिवारका अनुसार चार दिन बितिसक्दा पनि उनको स्वास्थ्य अवस्था गम्भीर रहेको छ ।

पीडित युवतीकी बुबा दत्ते सार्कीका अनुसार विवाहित छोरी कक्षा १० मा अध्ययनरत रहेकी छन्। दुई वर्षअघि प्रेम विवाहमार्फत राधा र विकास वैवाहिक जीवनमा बाँधिएका थिए । केही समयदेखि श्रीमान-श्रीमती भारतमा सँगै बस्दै आएका थिए । अब केही समयमा एसइई परीक्षा दिनुपर्ने भएकाले घरपरिवार र श्रीमान विकाससहित सबैको सल्लाहमा राधा परीक्षा तयारी गर्न आफ्नो माइती नेपाल आएको बताइएको छ ।

गत १० गते बुधबार राधा घर आएको चार दिन भएको थियो। सो दिन उनका बुबा दैनिक मजदुरीका लागि बाहिर गएका थिए भने आमा घाँस काट्न गएकी थिइन्। घरमा एक अपाङ्ग छोरा र छोरी मात्रै रहेका थिए । दिउँसोको समयमा एकाएक विकास भारतबाट घर आइपुगे र अपाङ्ग छोरालाई बाहिर धकेलेर अचानक राधामाथि धारिलो हतियार प्रहार गरेका थिए ।

घटनास्थल नजिकै रहेका दुई स्थानीय महिलाले घटना देखेपछि बाहिर आएको थियो । छिमेकीले तत्काल हस्तक्षेप गरेपछि राधाको ज्यान जोगिएको भएपनि उनको अवस्था अहिले पनि अत्यन्त गम्भीर छ ।

# नेपाल तामाङ घेदुङ प्रवास कार्यसमिति कतारको नेतृत्वमा फुर्बा निर्विरोध

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १३ मंसिर

नेपाल तामाङ घेदुङको पहिलो प्रवास शाखा नेपाल तामाङ घेदुङ, प्रवास कार्यसमिति कतारको चौथो ऐतिहासिक अधिवेशन खुल्ला र बन्द गरी दुई चरणमा सम्पन्न भएको छ । नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठको प्रमुख आतिथ्यता तथा प्रवास कार्यसमितिका अध्यक्ष कुमारी बेली गोले तामाङ (सबिता) को सभाध्यक्षतामा अधिवेशन सम्पन्न भएको हो । एकसय आठ दीप प्रज्वलनसहित उद्घाटन गरिएको अधिवेशनको बन्द सत्रबाट फुर्बा ग्याबा तामाङ (सिन्धुपाल्चोक) को अध्यक्षतामा निर्विरोध नयाँ कार्यसमिति चयन भएको छ । कार्यसमितिको सह-अध्यक्ष दिल कुमार स्याङबो तामाङ (सोलुखुम्बु), वरिष्ठ उपाध्यक्ष बुद्ध रुम्बा तामाङ (नुवाकोट), उपाध्यक्षद्वय क्रमशः टिका घिसिङ तामाङ (धनकुटा) र सुर्जे गोङ्बो तामाङ (नुवाकोट), महिला उपाध्यक्ष सुनिता घिसिङ तामाङ (रामेछाप), महासचिव राम बहादुर पाखिन तामाङ (सिन्धुली), उप-महासचिव विनय बम्जन तामाङ (सिन्धुली), सचिव पिपलाल मोक्तान तामाङ (रामेछाप), महिला सचिव सीता लक्ष्मी घिसिङ तामाङ (दोलखा), कोषाध्यक्ष शंकराम तामाङ (धादिङ), सह-कोषाध्यक्ष प्रेम तामाङ (नुवाकोट) रहेका छन् । नयाँ कार्यसमिति सदस्यहरूमा शिखा थोकर तामाङ (रसुवा), सुस्मिता स्याङबो (नुवाकोट), सपना घलान तामाङ (बारा), मृगलाल गोले तामाङ (सिन्धुपाल्चोक), राम ब्लोन तामाङ (गोर्खा), लक्ष्मण ब्लोन तामाङ (गोर्खा), माया दोङ तामाङ (काभ्रे), अलिक बोम्जन तामाङ (ललितपुर), राजु दोङ तामाङ (नुवाकोट), मनकुमारी तामाङ (काठमाडौं) रहेका छन् ।

त्यस्तै घेदुङ प्रवास कार्यसमिति मातहत रहेका भातृ संगठनहरू नेपाल तामाङ ताम्बा, लामा, संस्कृति, युवा, महिला घेदुङ प्रवास कार्यसमिति कतारका अध्यक्षहरू क्रमशः लाल बहादुर गोले तामाङ, छेसाङ लामा, सानो बाबु तामाङ, सन्दीप तामाङ र फुलमाया थिङ्ग तामाङ पदेन सदस्य रहेका छन् ।

निर्वाचित पदाधिकारीहरुलाई निर्वाचन समितिका संयोजक दीपेन्द्र घलेले पद तथा गोपनीयताको मातृभाषामा शपथ ग्रहण गराएका थिए ।

संघीय सदस्य बिनेश कुमार तामाङको विशेष आतिथ्यता रहेको अधिवेशनमा कतारमा स्थापित विभिन्न वैचारिक, सामुदायिक, प्रदेश र जिल्ला संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रम विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राख्दै तामाङ समुदायभित्र एकताको आवश्यकता रहेको औँल्याए । वक्ताहरूले आदिवासी जनजातिभित्र पनि एकता पहिलो अपरिहार्यता औँल्याउँदै समाजमा मिलेर अगाडी बढ्नुपर्ने बताए । वक्ताहरूले घेदुङनै नेपाल सरकारले मान्यता दिएको एक मात्र संस्था रहेको हुँदा बजारमा देखिएका अन्य संस्थालाई वैधानिक मान्न नसकिने धारणा समेत राखेका थिए ।

एनआरएनए एनसीसी कतारका उपाध्यक्ष सन्तोष पौडेलले कतारमा कोही श्रमिक समस्यामा पर्दा त्यसको निराकरण गर्ने जिम्मेवारी दूतावासको रहेको हुँदा उसलाई जिम्मेवार बनाउन कतारका संघसंस्थाले पहल गर्नुपर्ने बताए। उनले कतारका संघसंस्थाका जिम्मेवारी व्यक्तिहरूले पीडित श्रमिकलाई दूतावास सम्म लैजान समन्वय गर्नुपर्ने र बाँकी सबै जिम्मेवारी दूतावासको रहेको धारणा राखे । सामाजिक सञ्जाल तथा सार्वजनिक स्थानमा बढ्दो विकृतिलाई लक्षित गर्दै पौडेलले 'मैले गल्ती गर्दा सन्तोषले गरेको नभइ नेपालीले गरेको' हुने हुँदा संयमित हुन आवश्यक रहेको बताए ।

प्रमुख अतिथि श्रेष्ठले तामाङहरूको एकता नारामा मात्र सीमित भएको जस्तो महसुस आफूले गरेको बताउँदै राजनीतिक झन्डा बोकेर तामाङहरूलाई नटुक्राउनु सरोकारवाला जिम्मेवार व्यक्तिहरूलाई आग्रह गरे। कतारमा रहेका तामाङहरूबीचको एकताका लागि जनजाति महासंघ कतारले आफ्नो स्थानबाट पहल गर्ने बताउँदै सँगसँगै हातेमालो गर्ने वातावरण घेदुङको अधिवेशनले सिर्जना गरेको आफूले महसुस गरेको र घेदुङको इतिहासमा पहिलो पटक जनजाति महासंघलाई प्रमुख अतिथिका लागि सम्मानसहित स्थान प्रदान गरेकोमा आयोजकप्रति कृतज्ञता व्यक्त गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि



श्रेष्ठलाई तामाङ टोपी,तामाङ ताकी दोसल्ला र सम्मान पत्रद्वारा सम्मान गरिएको थियो भने घेदुङ प्रवास कार्यसमिति कतारका संस्थापक अध्यक्ष एक्का प्रसाद तामाङ (योगेन्द्र) र संरक्षक तथा संघीय सदस्य बिनेश कुमार तामाङलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

अधिवेशनमार्फत कार्यकाल भरी आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने पत्रकार, सहयोगीहरू, सहकार्य गरिएका संघसंस्थाहरू,आदिवासी जनजातिका विभिन्न मातृसंस्थाहरु, कलाकारहरू लगायतलाई सम्मान गरिएको थियो ।

सह-अध्यक्ष वाङ्जु लामाले स्वागत गरेको अधिवेशनमा साङ-सेरकेम ताम्बा गीतसहित सामूहिक गीतद्वारा स्वागत गरिएको थियो ।

कार्यक्रम अवधिभर कलाकार हरूले, म्हेन्दोमाया, सेलो विभिन्न भाषा भाषीका गीतमा विभिन्न सागितिक प्रस्तुति दिएका थिए ।

तमु प्ये ल्हु संघ कतारले आफ्नो परम्परा अनुसार कोसेली उपहार प्रदान गरेको थियो । महासचिव रामबहादुर पाखिन र सचिव विनय बोम्जन तामाङले मिलेर सहजीकरण गरेको खुल्ला सत्रको समापन गर्दै सभाध्यक्ष तामाङले कार्यकालमा साथ सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गरेकी थिइन्। उनले नयाँ कार्यसमितिले दोहामा एकताको माला बुन्दै अगाडि बढ्ने विश्वास व्यक्त गरिन्। उनले आफ्नो कार्यकालको भन्दा नयाँ कार्यसमितिले उत्कृष्ट कार्यसम्पादन गर्न सकोस् भन्ने शुभेच्छासहित आफू हरदम साथ सहयोग गर्न प्रतिबद्ध रहेको बताइन् । सेप्टेम्बर एक २०२३ मा सम्पन्न तेस्रो अधिवेशनबाट विकास स्याङ्तान तामाङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएपनि विकास करिब एक वर्ष पहिले कतार बसाइँलाई अनौपचारिक रूपमा बिट मार्दै नेपाल फर्किएपछि घेदुङको नेतृत्व सबिताको काँधमा आएको थियो ।

यस्तै अधिवेशनलाई लक्षित गर्दै कार्यसमितिले सञ्चालन गरेको भाग्यशाली चिट्ठाको नतिजा प्रत्यक्ष रूपमा सार्वजनिक गरिएको छ । हलमा उपस्थित सबैका माझ सार्वजनिक गरिएको चिट्ठा अनुसार पहिलो पुरस्कार ल्यापटप चिट्ठा नम्बर ए १९३५ ले, दोस्रो पुरस्कार स्पिकर चिट्ठा नम्बर ए ५७९ ले, तेस्रो पुरस्कार पियानो चिट्ठा नम्बर ए ५३० ले जितेका छन् । त्यस्तै चौथो पुरस्कार स्मार्टफोन ए ५४७ ले जितेका छन्। त्यस्तै सान्त्वना ३ वटा घडीहरू क्रमशः चिट्ठा नम्बर ए १२२, ए १८४१, ए ३०० ले पुरस्कार जितेका छन् ।

साउदीमा रोजगार
कम्पनी: CATRION CATERING HOLDING COMPANY
शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८२/०८/१३ चलानी नं.: ६०२४७९५३ LT. No.: 334204

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisors | 1 | 0 | स. काममा दक्ष | 2500 | ९५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ मंसिर २१ गते (7 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LUCKY H.R. Solution Pvt. Ltd.
लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम इजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

मलेसियामा रोजगार
कम्पनी: FIREWALL SECURITY PROTECTION SDN BHD
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति : २०८२/०८/१२ चलानी नं. : ६०२४७८९७ LT. No.: 334374

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५८,६६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २१ गते (7 December 2025) मा हुनेछ ।
| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।
Grand Pearl International Pvt.Ltd.
Govt. Lic. No. 1555/079/080
Basundhara 3, Kathmandu, Nepal Mob.: 9810092580, 9851043031, 9865112214, 9801045660, 9860475399
Email:grandpearl555@gmail.com Butwal Branch: 071530630, 9802595482, 9802595485, website:grandpearlintl.com

कुवेतमा रोजगार
कम्पनी: DINA ARTIST LOUNGE BEAUTY SALON COMPANY
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०३/०१ चलानी नं.: ६०२३९५४४ LT. No.: 325629 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | स. काममा दक्ष | 150 | ६५,७६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २१ गते (7 December 2025) मा हुनेछ ।
| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।
Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451, 982-3461212
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

कतारमा रोजगारको अवसर
कम्पनी: FORCE ONE CONTRACTING AND CLEANING W L L
शहर: QATAR
पूर्व स्वीकृत मिति:२०८२/०८/१२ चलानी नं.: ६०२४७९५२ L.T. No.: 334536

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason/plaster Worker | 3 | 0 | स. काममा दक्ष | 1200 | ४७०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Business Excutive | 1 | 0 | | 2500 | ९८००० | | | | | | | |
| 3. | Cashier | 0 | 2 | | 1500 | ५८८०० | | | | | | | |
| 4. | Cashier | 0 | 4 | | 1500 | ५८८०० | | | | | | | |
| 5. | Cleaner Hospital | 1 | 0 | | 1000 | ३९२०० | | | | | | | |
| 6. | Coffe Cook | 2 | 0 | | 1500 | ५८८०० | | | | | | | |
| 7. | Cook - Asian | 4 | 0 | | 1500 | ५८८०० | | | | | | | |
| 8. | Cook General | 2 | 0 | | 1500 | ५८८०० | | | | | | | |
| 9. | Dry Claener Worker | 0 | 2 | | 1000 | ३९२०० | | | | | | | |
| 10. | Dry Cleaner Worker | 0 | 1 | | 1000 | ३९२०० | | | | | | | |
| 11. | Dry Cleaning Worker | 6 | 33 | | 1000 | ३९२०० | | | | | | | |
| 12. | General Cooks | 2 | 0 | | 1500 | ५८८०० | | | | | | | |
| 13. | Helper | 3 | 0 | | 1000 | ३९२०० | | | | | | | |
| 14. | Juice Makers | 0 | 4 | | 1500 | ५८८०० | | | | | | | |
| 15. | Messenger | 0 | 2 | | 1200 | ४७०४० | | | | | | | |
| 16. | Waiter | 1 | 8 | | 1500 | ५८८०० | | | | | | | |
| 17. | Waiter(Male) | 2 | 0 | | 1500 | ५८८०० | | | | | | | |

कम्पनी: SURE SUCCESS CONTRACTING & CLEANING W.L.L
शहर: QATAR
पूर्व स्वीकृत मिति:२०८२/०८/१२ चलानी नं.: ६०२४७९५१ L.T. No.: 334533

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९८,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dry Cleaning Worker | 0 | 2 | | 1000 | ३९,२०० | | | | | | | |
| 3. | Gen Clean Worker | 3 | 0 | | 1000 | ३९,२०० | | | | | | | |
| 4. | Foreman | 2 | 0 | | 2500 | ९८,००० | | | | | | | |
| 5. | Representative Officer | 1 | 0 | | 3000 | १,१७,६०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २१ गते (7 December 2025) मा हुनेछ ।
| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।
JALAJALA RECRUITMENT PVT. LTD.
Tokha -7, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecru2017@gmail.com, Web.:www.jalajalarecruitment.com
Gov. Lic No. 1224/074/075

मध्यान्ह
www.madhyanhadaily.com
१४ मंसिर २०८२ आइतबार
30 November 2025 Sunday

# 'अभिमन्यु : च्याप्टर-१' नेपाली र हिन्दी भाषामा एक साथ रिलिज हुने




**काठमाडौं/मस-** 'अभिमन्यु : च्याप्टर-१' मंसिर १८ गते नेपाली र हिन्दी दुवै भाषामा नेपालभर एक साथ प्रदर्शनमा आउँदै छ । लामो समयदेखि स्थगित हुँदै आएको यो सिनेमा अन्ततः प्रदर्शनमा आउन लागेपछि दर्शकमाझ उत्सुकता बढेको छ । केही संयोगहरूबीच रिलिज हुने 'अभिमन्यु : च्याप्टर-१' किन हेर्ने ? भन्ने प्रश्नमा केही जवाफ छन् ।

पहिलो कारण- यो सिनेमा कामेश्वर चौरसियाको पहिलो लिड रोल रहेको चलचित्र हो । दुई दशक चलचित्रमा काम गरेपछि उनले पहिलोपटक सोलो लिडको अवसर पाएका छन् । त्यसैले आफूलाई प्रमाणित गरेर देखाउन पनि उनले कडा मिहिनेत गरेका छन् ।

दोस्रो कारण- लक्ष्मी बर्देवाको पनि यो पहलो लिड रोल भएको चलचित्र हो । उनले यसअघि पटकपटक अन्य चलचित्रमा पनि सोलो लिडमा काम गरेकी थिइन् । चारवटा चलचित्र रिलिज रोकिएर बस्दा उनले मुख्य भूमिकामा काम गरेका कुनै पनि चलचित्र प्रदर्शनमा आएका छैनन् ।

लक्ष्मीले सोलो लिड रहेको रिलिज हुने 'अभिमन्यु' पहिलो चलचित्र हुनेछ । त्यसैले लक्ष्मीको लिड रोल रहेको चलचित्र कस्तो रहेछ जान्न पनि यो चलचित्र हेर्नुपर्नेछ ।

तेस्रो कारण- 'पूर्ण बहादुरको सारङ्गी'का निर्माताले बनाएको चलचित्र हो, 'अभिमन्यु' । 'पूर्ण बहादुरको सारङ्गी' नेपालमा मात्रै करिब ४७ करोड रुपैयाँ ग्रसकलेक्सन गरेर अहिलेसम्मकै सबैभन्दा धेरै ग्रसकलेक्सन गर्ने चलचित्रको रेकर्ड बनाएको थियो ।

ऐतिहासिक रुपमा सफल चलचित्रका निर्माताले बनाएको दोस्रो चलचित्र कस्तो छ भनेर थाहा पाउन पनि यो सिनेमा हेर्नुपर्नेछ ।

चौथो कारण- निर्माता विनोद पौडेलले दोस्रो रोजाइमा रहेका कलाकारलाई लिएर 'पूर्ण बहादुरको सारङ्गी' ऐतिहासिक रूपमा सफल बनाए । अहिले पनि उनले 'पूर्ण बहादुरको सारङ्गी'मा जस्तै कसैले पनि सोलो लिडमा नलिएका कलाकारलाई लिएर चलचित्र बनाएका छन् । त्यसैले यो पटक पनि उनले किन रिस्क लिएर फेरि पनि अरुले लिडमा अफर नगरेको कलाकारलाई लिएर चलचित्र बनाए त्यसका लागि पनि यो सिनेमा हेर्नुपर्नेछ । केही न केही सबल पक्ष नभइ उनले पक्कै पनि यो रिस्क लिएनन् होला, त्यसैले पनि यो सिनेमा हेर्नुपर्नेछ ।

पाँचौं कारण- निर्माता पौडेलले यो पटक चलचित्र एउटा भोजपुरी फ्लेबरको गीत बनाएका छन् । मुख्य अभिनेता मधेसी मुलको राखेका छन् । पूरै मधेसको विषयमा चलचित्र बनाएका हुन् अथवा के छ कथा ? यसका लागि पनि ' अभिमन्यु' हेर्नुपर्नेछ ।

सेभेन सिज सिनेमाको प्रस्तुति निर्माण भएको 'अभिमन्यु : च्याप्टर १'मा कामेश्वर चौरसिया, सरिता गिरी, किरण श्रेष्ठ, लक्ष्मी बर्देवा, गौमाया गुरुङ, प्रकाश दाहाल, शिशिर वाङ्देल मुख्य भूमिकामा छन् ।

सुशान्त गौतमले निर्देशन गरेको 'अभिमन्यु'को क्रिएटिभ निर्देशक मदन थापा हुन् । यस चलचित्रमा मुकेश खनालको लेखन रहेको छ । 'अभिमन्यु : च्याप्टर १' का निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्माता रहेको चलचित्रका कार्यकारी निर्मातामा विशाल लामा, हरि मोक्तान, कृष्ण भट्टराई, नीराजन लुइँटेल र सन्देश श्रेष्ठ रहेका छन् । सिनेमाको लाइन प्रोड्युसरमा जीवन शाक्य रहेको छन् । शरद महतोको डिओपी रहेको यस चलचित्रमा मनोज श्रेष्ठको भिएफएक्स, जुनिम गहतराजको रंग संयोजन, मदन घिमिरेको सम्पादक रहेका छ । यो चलचित्र भाषामा नेपालका साथै भारत र विश्वव्यापी रूपमा प्रदर्शन गरिँदै छ ।

# 'रमिताको पिरती'को टिजर सार्वजनिक



**काठमाडौं/मस-** नयाँ नेपाली फिल्म 'रमिताको पिरती' को टिजर सार्वजनिक भएसँगै प्रमुख भूमिका निभाएकी आना शर्मा पुनः चर्चामा आएकी छन् । सार्वजनिक टिजरमा आना सहित धीरज मगर, समीर श्रेष्ठ र विनय श्रेष्ठलाई देख्न सकिन्छ ।

संगीत क्षेत्रमा परिचित समीर श्रेष्ठले यसै फिल्ममार्फत आफ्नो अभिनय यात्रा सुरु गरेका छन् । टिजरमा आनाको पात्रलाई प्रेम, रोमान्स, खुसी, पीडा र ब्रेकअपजस्ता भावनात्मक उतार-चढावमा प्रस्तुत गरिएको देखिन्छ, जसले उनको चरित्र बहुआयामिक रहेको संकेत गर्छ । फिल्मले एक युवतीको सम्बन्ध, मनोभाव र आत्मिक यात्रालाई केन्द्रमा राखेर कथा अघि बढाएको बुझिन्छ। कथावाचनमा युवतीको मनोविज्ञानलाई मुख्य फ्रेम बनाइएको छ ।

सेरो फिल्म्सको ब्यानरमा निर्माण भएको यो चलचित्रलाई सुदीप्तले निर्देशन गरेका छन् । पटकथा पनि उनी नै लेखिकाको रूपमा संलग्न छिन् । फिल्म आगामी २३ माघ, भ्यालेन्टाइन्स डेको पारमा, प्रदर्शनमा आउने घोषणा गरिएको छ । चलचित्रका निर्माता सागर लम्साल हुन् ।

# आदर्शले ल्याए 'आउँछ्यौ तिमी नजरमा'



**काठमाडौं/मस-** गीतकार आदर्श पोखरेलको नयाँ गीत ' आउँछ्यौ तिमी नजरमा' बोलको गीतको म्युजिक भिडियो शनिबार सार्वजनिक गरिएको छ ।

गीतकार प्रतिष्ठान र रूपा वाङ्मय प्रतिष्ठानको संयुक्त आयोजनामा भएको कार्यक्रममा पोखरा प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति पद्मराज ढकालले भिडियो सार्वजनिक गरेका हुन् । आफ्नै गीतमा आफैंलाई स्वागत गर्दा पनि गीतकारका रूपमा मानिसहरूले आफूलाई नचिन्ने अवस्था आएको अनुभव सुनाउँदै ढकालले गीतकार गीतको जननी भएर पनि छायामा पर्नु दुःखद् भएको विचार राखे । एउटा सुन्दर गीत बन्नका लागि गीतकारदेखि सुरु भएर सम्पूर्ण निर्माण पक्षसम्मको भूमिका रहने भन्दै उनले सबैको भूमिकाको कदर गर्नुपर्नेमा जोड दिए । आदर्शको गीतकारिताबाट आफू प्रभावित भएको ढकालले सुनाए ।

गीतकार प्रतिष्ठानका अध्यक्ष अनुराग अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा रूपा वाङ्मय प्रतिष्ठानका अध्यक्षसमेत रहेका गीतकार आदर्श पोखरेलले ' आउँछ्यौ तिमी नजरमा' गीत लेखनदेखि भिडियो निर्माणसम्मको अनुभव सुनाएका थिए । 'जितमा पनि हारमा झैं पिट्दै छन् रे ताली' बोलको पहिलो गीत एक दशकअगि रेकर्ड गराएका पोखरेलका करिब १ दर्जन गीत रेकर्ड भएका छन् ।

सो गीतमा सन्तोष विक र मनिषा राईको स्वर रहेको छ भने सङ्गीत आदर्श पोखरेलकै रहेको छ । भिडियोमा स्वस्तिका श्रेष्ठ, जीवन सुनार, भुवन विक, जमुना पौडेल बराललगायतको अभिनय रहेको छ। भिडियोको निर्देशन राम बास्तोलाले गरेका हुन् ।

कार्यक्रममा गीतकार प्रतिष्ठानका संस्थापक अध्यक्ष हरिहर खनिया, गुरुङ चलचित्रका नायक ताराबहादुर गुरुङ, गायक विनोद बानिया, पोखरा विश्व विद्यालयका अधिकृत नारायण सापकोटालगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन गीतकार प्रतिष्ठानका सचिव रुपिन्द्र प्रभावीले गरेका थिए ।


**Government of Sudurpaschim Province**
**Ministry of Social Development**
**Directorate of Education Development**
## Social Development Office, Dadeldhura
## Invitation for Electronic Bids
**First Date of publication: 2082/08/14 (2025 -11- 30)**

1. **Social Development Office, Dadeldhura** invites electronic bids through **eGP-System** from Nepalese eligible bidders for the following works under **National Competitive Bidding** procedures.

| S.N. | Contract No. | Works Description | Bid Document Fee | Bid Validity | Bid Security and Validity |
|---|---|---|---|---|---|
| 1 | SDO/NCB/W/2082/02 | Sitaram Ma.Vi.2 room bulding,ganyapadhura-5 | NRs. 1000.00 | 90 Day | NRs. 37000 Valid 120 Day |
| 2 | SDO/NCB/W/2082/15 | Bhumiraj Aa.Bi 2 room building,nawadurga-5 | NRs. 1000.00 | 90 Day | NRs. 37000 Valid 120 Day |
| 3 | SDO/NCB/W/2082/05 | Ganesh Ma.Bi.Badal 2 room building,ganyapadhura-2 | NRs. 1000.00 | 90 Day | NRs. 37000 Valid 120 Day |
| 4 | SDO/NCB/W/2082/08 | Saraswoti Ma.Bi.2 room building,amargadhi-11 | NRs. 1000.00 | 90 Day | NRs. 37000 Valid 120 Day |
| 5 | SDO/NCB/W/2082/07 | Sigas Aa.Bi. Chama 2 room Building ,Nawadurga-5 | NRs. 1000.00 | 90 Day | NRs. 37000 Valid 120 Day |
| 6 | SDO/NCB/W/2082/10 | Durga pra.bi moi 2 room building,Ganyapdhura-5 | NRs. 1000.00 | 90 Day | NRs. 37000 Valid 120 Day |
| 7 | SDO/NCB/W/2082/13 | Durgasthan Aa.Bi. 2 room building,ajayameru-3 | NRs. 1000.00 | 90 Day | NRs. 37000 Valid 120 Day |
| 8 | SDO/NCB/W/2082/16 | Ghatal Mi.Bi. Nuwakot 2 Room Building, Amargadhi-03 | NRs. 1000.00 | 90 Day | NRs. 37000 Valid 120 Day |

2. **Last date & time of purchase & Bid Submission: 2082/09/18, 11:00 Hr (2026 January, 02) and Bid Opening Date & Time: 2082/09/18, 11:30 Hr (2025 January, 02)**
3. Bank Details for Bid Document fee: - Bank: Rastriya Banijya Bank Ltd., Dadeldhura Barnch, Office: Social Development Office Dadeldhura, Office Code no.: 3500175027, Account no.: 1000100200100000, Rajaswa (revenue) Shirshak no.: 14229 and For Bid Security: - Account Name: Province Treasury Comptroller Unit, Dadeldhura Dharauti Account No: 4020100202030000
4. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit PPMO website www.bolpatra.gov.np/egp or the office of Social Development Office, Dadeldhura, Email: sdo.dadeldhura@gmail.com Phone no.: 9858783232,9848688556 ,9748889595



## Dodhara Chandani Municipality
## Office of the Municipal Executive
**Dodhara Chadani, Kanchanpur**
**Sudurpaschim Province, Nepal**
## Invitation for Bids
**First Date of Publication: 2082/08/14**

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for River Training construction work, Ward 01 and the Municipality int`ends to apply the funds to cover eligible payments under the Contract for Building construction work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at www.bolpatra.gov.np .
3. Bidding documents may bid from **www.bolpatra.gov.np only .**
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before **12.00 hr. noon** on **2082/09/16.**
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend atDodharaChadani Municipality DodharaChadani, Kanchanpur on **2082/09/16 and 14.00hr.** Bids must be valid for a period of **90 days**after bid opening and must be accompanied by bid security, amounting to a **minimum of as mention below**, which shall be **valid for 30 days** beyond the bid validity period.
6. Bidder may submit Bid Document Fee in form of cash, in SanchitKosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodharachadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in **Dharauti Khata** Account No : 0823501563767108, Agricultural Development Bank, Dodharachadani branch.
   **Account Name. Dharauti Khata a**nd submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

| IFB Number | Description of Work | Estimated Amount, NRs. (Excluding VAT& PS) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 08/RTCW/2082/083 | Mahakali River Training Construction Work, Ward 01 | 55,26,081.91 | 2,00,000.00 | 3,000.00 |

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Admistrative Officer**

# अपराजित सुदूरपश्चिम प्लेअफमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ मंसिर

लगातार पाँचौं खेलसम्म अपराजित सुदूरपश्चिम रोयल्स जारी सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो सिजनमा पनि प्लेअफमा पुगेको छ ।

कीर्तिपुरमा भएको आफ्नो पाँचौं खेलमा सुदूरपश्चिमले शनिबार डिफेन्डिङ च्याम्पियन जनकपुर बोल्ट्समाथि ६ विकेटको जित निकाल्दै दोस्रो सिजनमा पनि प्लेअफमा स्थान बनाएको हो । यससँगै सुदूरपश्चिमले गत सिजनको फाइनलमा व्यहोरेको हारको बदला पनि लियो ।

सुदूरपश्चिम पाँचौं खेलसम्म अपराजित रहँदा जनकपुर भने चौथो खेलसम्म जितविहीन बन्यो । जारी एनपिएलमा जितविहिन एक मात्र टोली जनकपुर मात्र हो । चौथो हारसँगै जनकपुरको प्लेअफ सम्भावना कठिन भएको छ । अविनाश बोहराको बलिङ र इशान पाण्डेको अर्धशतक प्रेरित सुदूरपश्चिमले अपराजित यात्रा जारी राखेको हो । त्रिवि क्रिकेट मैदानमा जनकपुरले एक सय ४६ रनको लक्ष्य दिएको थियो ।

जवाफी ब्याटिङ गरेको सुदूरपश्चिमले १७.४ ओभरमा मात्र चार विकेटको क्षतिमा लक्ष्य भेट्टायो । इशानले ५६ रनको अर्धशतकीय इनिङ खेले । सुदूरपश्चिमले खराब सुरुवात गर्‍यो । ओपनर जोश ब्राउन शून्य र क्रिस लिन १ रनमा आउट भए । पहिलो दुई ओभरमा नै दुई विकेट गुमाएपछि सुदूरपश्चिम दबाबमा पर्‍यो । पावरप्लेमा ३१ रन मात्र जोड्यो । तर ओपनर विनोद र इशानले तेस्रो विकेटका लागि ७४ बलमा ९२ रनको महत्वपूर्ण साझेदारी गर्दै इनिङ जोगाए । १४औं ओभरमा विनोद ४२ रनमा आउट भए । उनले ४९ बलमा तीन चौका र एक छक्का प्रहार गरे । इशानले ३५ बलमा ९ चौका र एक छक्काको सहयोगमा ५६ रन बनाए ।

त्यसपछि आएका कप्तान दीपेन्द्रसिंह ऐरीले १० रन र हरमित सिंहले २५ रनमा अविजित रहँदै जित दिलाए । हरमितले १० बलमा एक चौका र तीन छक्का हिर्काए । हरमितले १८औं ओभरमा ललित राजवंशीलाई लगातार तीन छक्का हिर्काउँदै १४ बल अगावै जित दिलाए ।

जनकपुरको बलिङमा माज सदाकतले दुई तथा सञ्जय कृष्णमुर्ति र आदित्य महताले समान एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको जनकपुरले पूरै ओभरमा आठ विकेट गुमाउँदै एक सय ४५ रनको योगफल बनाएको थियो । मध्यक्रमका ब्याटर सञ्जय कृष्णमुर्तीले ५० रनको अर्धशतकीय इनिङ खेले ।

ओपनर आसिफ शेख शून्य र मायान यादव ६ रनमै आउट भएपछि जनकपुरको खराब सुरुवात भयो । अर्का ओपनर माज सदाकत पनि १२ रनमै पभेलियन फर्किए । पावर प्लेमा ३५ रन जोड्दा जनकपुरले तीन विकेट गुमायो । चौथो विकेटका लागि जान निकोल लफ्टी इटन र सञ्जयबीच ३४ रनको साझेदारी बन्यो । अविनाश बोहोराले लफ्टीलाई ३९ रनमा क्याच गराउँदै साझेदारी तोडे । ३३ बल खेलेका समान दुई छक्का र चौका प्रहार गरे । अर्को छेउबाट सञ्जयले इनिङ अगाडि बढाए । उनी ब्याटिङ गरिरहँदा जनकपुर विशाल योगफलतर्फ अग्रसर देखिन्थ्यो ।

तर उनी १७औं ओभरमा अविनाशद्वारा बोल्ड भए । उनले ३७ बलमा अर्धशतक बनाएका थिए । लगत्तै अर्को बलमा उनी आउट भए । उनको इनिङमा चार चौका र दुई छक्का रह्यो । त्यसपछि आदित्य महताले १५ र कप्तान वाइने पर्नेलले १४ रन जोड्दै इनिङ उकासे । सुदूरपश्चिमका लागि अविनाशले चार, स्कट कुग्गेलिनले तीन र कप्तान दीपेन्द्रले एक विकेट लिए । स्कटले चार ओभरमा २२ रन मात्र दिँदै किफायती बलिङ गरे ।

शनिबार नै भएको पहिलो खेलमा लुम्बिनी लायन्सले पोखरा एभेन्जर्सलाई तीन विकेटले पराजित गर्दै प्लेअफमा पुग्ने सम्भावनालाई जीवितै राखेको छ । पहिलो चार खेलमध्ये तीनमा हार व्यहोरेको लुम्बिनी शनिबारको आफ्नो पाँचौं खेलमा जित्नैपर्ने दबाबमा थियो । यस जितसँगै लुम्बिनी तालिकामा पाँच खेलबाट चार अंकसहित पाँचौं स्थानमा उक्लिएको छ ।

लुम्बिनीसँग हार व्यहोरे पनि पोखराको प्लेअफमा पुग्ने सम्भावना भने जीवितै छ । पोखराले हालसम्म चार खेलमध्ये एकमा जित निकालेको छ । अहिले पोखरासँग दुई अंक मात्रै छ । लुम्बिनीले पोखराले दिएको १५१ रनको लक्ष्य १९ दशमलव चार ओभरमा सात विकेटको क्षतिमा पूरा गर्‍यो । लुम्बिनीका लागि कप्तान रोहित पौडेलले ४० रन बनाए भने निरोशन दिकवेल्लाले महत्वपूर्ण ३७ रन बनाए । साथै सन्दीप जोराले २५ रनको योगदान दिए ।

पोखरा एभेन्जर्सका लागि विपिन खत्री, खत्री मार्क टेलर र सागर ढकालले दुई-दुई विकेट लिए भने जिमी निशमले एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखराले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १५० रन बनाएको थियो । पोखराले पारीको सुरुवात राम्रो गरेन । उसले १५ रन बनाउँदा दिनेश खरेललाई पहिलो विकेटका रुपमा र दोस्रो विकेटका रुपमा कप्तान कुशल भुर्तेललाई गुमायो ।

त्यसपछि आएका सुमित बर्मा खाता खोल्न सकेनन् भने तिर्तराज दासले पनि जम्मा एक रन बनाए । तर सातौ ब्याटरका रुपमा आएका जिमी निशम र ओपनर एडम रोसिङटनको जोडीले पाँचौ विकेटका लागि ९२ रनको महत्वपूर्ण साझेदारी गर्‍यो । रोसिङटनले ६३ बलमा पाँच छक्का र सात चौकाको सहयोगमा ८१ रन बनाए भने निशमले ५१ रन बनाए । अर्धशतक बनाउने क्रममा निशमले तीन छक्का र तीन चौका प्रहार गरे ।

लुम्बिनीका लागि शेर मल्ल र तिलक भण्डारीले दुई-दुई विकेट लिए भने गुलबदिन नाइबले एक विकेट हात पारे ।

एनपिएलअन्तर्गत आइतबार एक मात्रै खेल हुँदैछ । दिउँसो साढे ३ बजे हुने खेलमा कर्णाली याक्स र काठमाडौं गोर्खाजबीच प्रतिस्पर्धा हुनेछ ।



# नेपाली यु–१९ टोली एसिया कपमा छनोट



**काठमाडौं/मस–** नेपाली यु-१९ टोली एसिया कपका लागि छनोट भएको छ । नेपालले शनिबार सेमिफाइनलमा मलेसियालाई ९ विकेटले पराजित गर्दै एसिया कपमा स्थान सुरक्षित गरेको हो ।

संयुक्त अरब इमिरेट्स (यूएई) को अजमान मैदानमा मलेसियाले दिएको ५२ रनको लक्ष्य नेपालले ७.५ ओभरमा एक विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालका वंश क्षेत्रीले अविजित २३ र निश्चल क्षेत्रीले अविजित १५ रन बनाए । मलेसियाका मोहम्मद अक्रामले एक विकेट हात पारे ।

यसअघि टस हारेर पहिला ब्याटिङ गरेको मलेसिया १७.२ ओभरमा ५१ रनमा अलआउट भयो । उसका लागि हमजाह पङ्गीले १३, मुहम्मद फतुल मुइनले ११ रन जोडे पनि अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

नेपालका लागि नितिशकुमार पटेलले चार, चन्दन रामले तीन, कप्तान अशोक धामी, रोशन विश्वकर्मा र अपराजित पौडेलले एक-एक विकेट लिए ।

कूल १४ टोलीको सहभागिता रहेको यो प्रतियोगिताबाट शीर्ष तीन टोली आगामी एसीसी यु-१९ एसिया कपमा छनोट हुनेछन् । यु-१९ एसिया कप आगामी डिसेम्बरमा युएईमै हुँदैछ ।

**UAE मा रोजगार** Emirates Gateway Security Services LLC

पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८०/१२/२३ चलानी नं. ६०२१७९८४ LT No. : 303185

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 167 | 25 | काममा दक्ष | 2000 | ७७,८३०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,४९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०८२ मंसिर २३ गते (9 Dec., 2025) सिद्धार्थ होटल ग्राण्ड सिटि बिर्तामोड झापामा र २०८२ मंसिर २४ गते (10 Dec., 2025) यस प्रा. लि. को कार्यालय काठमाडौंमा हुनेछ ।

अल्फा सिग्मा ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं.: ५१६/०६१/०६२
सिनामंगल (तारा हलचोक, गुण कोलनी सागै), काठमाडौं.फोन: ०१-४५६१८२७, ४५६१९४६
Email : alphasigmanepal@gmail.com | Web: alphasigmaoverseas.com

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति: २०८२/०८/१४**

यस बैंकको शाखा कार्यालय कन्चनबारी, मोरङ्गबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋण कर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**१. ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : निरज काटागल्ला तथा किराना**
रजिष्टर्ड ठेगाना : बर्जू गा.पा वडा नं. ०५, सुनसरी
रजिष्ट्रेसन नं. : ६४३९/२०७४/०७५ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उधोग विभाग, घरेलु तथा साना उधोग कार्यालय, सुनसरी, इटहरी, सुनसरी)
रजिष्टर्ड मिति : २०७५/०२/०२
पान नं. : ६००२८६९९०

**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगाना**

कारी चौधरीको नाती, बुधन चौधरीको छोरा, सुनसरी जिल्ला अमाहीवेल्हा गाँउ पञ्चायत वडा नं. ०१ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं. ०५ बस्ने हेम नारायण चौधरी ना.प्र.प.नं. १७३३।२७३३, जारी मिति २०५२/०९/२०, जि.प्र.का. सुनसरी) ।

**जमानीकर्ताको नाम र ठेगाना**

बुधन चौधरीकी बुहारी, कार्तीक लाल चौधरीकी छोरी, हेम नारायण चौधरीकी पत्नी, सुनसरी जिल्ला चिमडी गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला बर्जु गा.पा. वडा नं. ०५ बस्ने **तारा देवी चौधरी** (ना.प्र.प.नं. ३९०९६।४१०९६, जारी मिति २०५३/१२/२६, जि.प्र.का. सुनसरी) ।

**२. ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : एस.जि.नेपाल तयारी पोशाक उद्योग**
रजिष्टर्ड ठेगाना : विराटनगर म.न.पा. वडा नं. १०, मोरङ्ग
रजिष्ट्रेसन नं. : १०२७७/०६९/७० (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ्ग, विराटनगर)
रजिष्टर्ड मिति : २०६९/०५/१३
पान नं. : ३०५५९६५८३

**ऋणी फर्मका प्रोप्राईटरको नाम र ठेगाना**

नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने **मनोहर प्रसाद रौनियार** (ना.प्र.प.नं. ८६१०६, जारी मिति २०६२/०४/२७, जि.प्र.का. मोरङ्ग) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **राजेश प्र. रौनियार** (ना.प्र.नं. ४४६३७, जारी मिति २०५६/०५/२५, जि.प्र.का. मोरङ्ग) ।
२) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **राज कुमार रौनियार** (ना.प्र.नं. ८६१०७, जारी मिति २०६२/०४/२७, दोस्रो प्रतिलिपि मिति २०७४/०५/२०, जि.प्र.का. मोरङ्ग) ।
३) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **सुरेश रौनियार** (ना.प्र.नं. ४४६३६, जारी मिति २०५६/०५/२५, जि.प्र.का. मोरङ्ग) ।
४) सिताराम शाहु रौनियारकी बुहारी, शम्भु प्रसाद गुप्ताकी छोरी, मनोहर प्रसाद रौनियारकी श्रीमती, सप्तरी जिल्ला कन्चनरुप न.पा. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **संगिता गुप्ता** (ना.प्र.नं. १६२००९/२३०, जारी मिति २०७०/०४/०४, जि.प्र.का. सप्तरी) ।
५) सिताराम शाहु रौनियारकी बुहारी, लाल विहारी गुप्ताकी छोरी, राज कुमार रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **नेहा कुमारी गुप्ता** (ना.प्र.नं. ३१७८४, जारी मिति २०७७/१०/१९, जि.प्र.का. मोरङ्ग) ।
६) कपुर चन्द रौनियारको नाती, नारायण शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ११ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **सिताराम शाहु रौनियार** (ना.प्र.नं. २६३३।०३८।३९, जारी मिति २०३९/०३/०२, जि.प्र.का. मोरङ्ग) ।
७) सिताराम शाहु रौनियारकी बुहारी, वि.पि भगतकी छोरी, सुरेश रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **उषा रौनियार** (ना.प्र.नं. १८०३१, जारी मिति २०७१/०६/०२, जि.प्र.का. मोरङ्ग) ।
८) नारायण शाहु रौनियारकी बुहारी, सत्यनारायणकी छोरी, सिताराम शाहु रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **गिता देवी रौनियार** (ना.प्र.नं. १४८१२, जारी मिति २०६७/०६/११, जि.प्र.का. मोरङ्ग) ।

**३. ऋणीको नाम र ठेगाना**

नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **राजेश प्र. रौनियार** (ना.प्र.नं. ४४६३७, जारी मिति २०५६/०५/२५, जि.प्र.का. मोरङ्ग) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **राज कुमार रौनियार** (ना.प्र.नं. ८६१०७, जारी मिति २०६२/०४/२७, दोस्रो प्रतिलिपि मिति २०७४/०५/२०, जि.प्र.का. मोरङ्ग) ।
२) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **सुरेश रौनियार** (ना.प्र.नं. ४४६३६, जारी मिति २०५६/०५/२५, जि.प्र.का. मोरङ्ग) ।
३) सिताराम शाहु रौनियारकी बुहारी, शम्भु प्रसाद गुप्ताकी छोरी, मनोहर प्रसाद रौनियारकी श्रीमती, सप्तरी जिल्ला कन्चनरुप न.पा. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **संगिता गुप्ता** (ना.प्र.नं. १६२००९/२३०, जारी मिति २०७०/०४/०४, जि.प्र.का. सप्तरी) ।
४) सिताराम शाहु रौनियारकी बुहारी, लाल विहारी गुप्ताकी छोरी, राज कुमार रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **नेहा कुमारी गुप्ता** (ना.प्र.नं. ३१७८४, जारी मिति २०७७/१०/१९, जि.प्र.का. मोरङ्ग) ।
५) कपुर चन्द रौनियारको नाती, नारायण शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ११ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **सिताराम शाहु रौनियार** (ना.प्र.नं. २६३३।०३८।३९, जारी मिति २०३९/०३/०२, जि.प्र.का. मोरङ्ग) ।
६) सिताराम शाहु रौनियारकी बुहारी, वि.पि भगतकी छोरी, सुरेश रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **उषा रौनियार** (ना.प्र.नं. १८०३१, जारी मिति २०७१/०६/०२, जि.प्र.का. मोरङ्ग) ।
७) नारायण शाहु रौनियारकी बुहारी, सत्यनारायणकी छोरी, सिताराम शाहु रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **गिता देवी रौनियार** (ना.प्र.नं. १४८१२, जारी मिति २०६७/०६/११, जि.प्र.का. मोरङ्ग) ।
८) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने **मनोहर प्रसाद रौनियार** (ना.प्र.प.नं. ८६१०६, जारी मिति २०६२/०४/२७, जि.प्र.का. मोरङ्ग) ।

**४. ऋणीको नाम र ठेगाना**

नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **सुरेश रौनियार** (ना.प्र.नं. ४४६३६, जारी मिति २०५६/०५/२५, जि.प्र.का. मोरङ्ग) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **राज कुमार रौनियार** (ना.प्र.नं. ८६१०७, जारी मिति २०६२/०४/२७, दोस्रो प्रतिलिपि मिति २०७४/०५/२०, जि.प्र.का. मोरङ्ग) ।
२) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **राजेश प्र. रौनियार** (ना.प्र.नं. ४४६३७, जारी मिति २०५६/०५/२५, जि.प्र.का. मोरङ्ग) ।
३) सिताराम शाहु रौनियारकी बुहारी, शम्भु प्रसाद गुप्ताकी छोरी, मनोहर प्रसाद रौनियारकी श्रीमती, सप्तरी जिल्ला कन्चनरुप न.पा. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **संगिता गुप्ता** (ना.प्र.नं. १६२००९/२३०, जारी मिति २०७०/०४/०४, जि.प्र.का. सप्तरी) ।
४) सिताराम शाहु रौनियारकी बुहारी, लाल विहारी गुप्ताकी छोरी, राज कुमार रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **नेहा कुमारी गुप्ता** (ना.प्र.नं. ३१७८४, जारी मिति २०७७/१०/१९, जि.प्र.का. मोरङ्ग) ।
५) कपुर चन्द रौनियारको नाती, नारायण शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ११ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **सिताराम शाहु रौनियार** (ना.प्र.नं. २६३३।०३८।३९, जारी मिति २०३९/०३/०२, जि.प्र.का. मोरङ्ग) ।
६) सिताराम शाहु रौनियारकी बुहारी, वि.पि भगतकी छोरी, सुरेश रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **उषा रौनियार** (ना.प्र.नं. १८०३१, जारी मिति २०७१/०६/०२, जि.प्र.का. मोरङ्ग) ।
७) नारायण शाहु रौनियारकी बुहारी, सत्यनारायणकी छोरी, सिताराम शाहु रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **गिता देवी रौनियार** (ना.प्र.नं. १४८१२, जारी मिति २०६७/०६/११, जि.प्र.का. मोरङ्ग) ।
८) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने **मनोहर प्रसाद रौनियार** (ना.प्र.प.नं. ८६१०६, जारी मिति २०६२/०४/२७, जि.प्र.का. मोरङ्ग) ।

**५. ऋणीहरुको नाम र ठेगाना**

१) कपुर चन्द रौनियारको नाती, नारायण शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ११ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **सिताराम शाहु रौनियार** (ना.प्र.नं. २६३३।०३८।३९, जारी मिति २०३९/०३/०२, जि.प्र.का. मोरङ्ग) ।
२) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने **मनोहर प्रसाद रौनियार** (ना.प्र.प.नं. ८६१०६, जारी मिति २०६२/०४/२७, जि.प्र.का. मोरङ्ग) ।

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **राज कुमार रौनियार** (ना.प्र.नं. ८६१०७, जारी मिति २०६२/०४/२७, दोस्रो प्रतिलिपि मिति २०७४/०५/२०, जि.प्र.का. मोरङ्ग) ।
२) नारायण शाहु रौनियारको नाती, सिताराम शाहु रौनियारको छोरा, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **राजेश प्र. रौनियार** (ना.प्र.नं. ४४६३७, जारी मिति २०५६/०५/२५, जि.प्र.का. मोरङ्ग) ।
३) सिताराम शाहु रौनियारकी बुहारी, शम्भु प्रसाद गुप्ताकी छोरी, मनोहर प्रसाद रौनियारकी श्रीमती, सप्तरी जिल्ला कन्चनरुप न.पा. वडा नं. ०९ स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **संगिता गुप्ता** (ना.प्र.नं. १६२००९/२३०, जारी मिति २०७०/०४/०४, जि.प्र.का. सप्तरी) ।
४) सिताराम शाहु रौनियारकी बुहारी, लाल विहारी गुप्ताकी छोरी, राज कुमार रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **नेहा कुमारी गुप्ता** (ना.प्र.नं. ३१७८४, जारी मिति २०७७/१०/१९, जि.प्र.का. मोरङ्ग) ।
५) नारायण शाहु रौनियारकी बुहारी, सत्यनारायणकी छोरी, सिताराम शाहु रौनियारकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. १३, स्थाई ठेगाना भई, हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १०, बस्ने **गिता देवी रौनियार** (ना.प्र.नं. १४८१२, जारी मिति २०६७/०६/११, जि.प्र.का. मोरङ्ग) ।

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

## भूल सुधार

मिति २०८२/०८/१३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित बहराइनमा रोजगार शीर्षक, कम्पनीको नाम: Protects Security Services WLL, L.T. No.: 334518 र पूर्व स्वीकृत मिति: २०८२/०८/१२ भएको विज्ञापनमा चलानी नं. ६०२४७९४२ हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

NICE RECRUITING AGENCY PVT. LTD.
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 9706414359, 9843000020, 9862179537, Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७१/०५/३०मा दर्ता भएको श्री **लुम्बिनी फुटसल (प्रा. लि. नं. १२६६३७)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



नेपालमा घर जग्गाको कारोबारमा मन्दी आउँदा अर्थतन्त्रको चक्र नै बिग्रिन गएको अर्थविद्हरूले विश्लेषण गरेका छन् । विगतमा सरकारले लगाएको हदबन्दीको कारण घरजग्गाको कारोबारमै समस्या थियो । तर, हदबन्दीभन्दा बढीको जग्गा घर घडेरीको रूपमा बिक्री गर्न पाउनेगरी हालै नेपाल सरकारले भूमी सम्बन्धी अध्यादेश, नवौं संशोधन-२०८२ निर्णय गर्दा घरजग्गा व्यवसायले राहत महसुस गरेको प्रतिक्रिया दिएका छन् । यद्यपी उक्त अध्यादेश राष्ट्रपतिमार्फत प्रमाणीकरण भने भइसकेको छैन ।

सरकारले अगाडि बढाएको अध्यादेशका विषयमा नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष **विष्णुप्रसाद घिमिरे (ध्रुव)** सँग मध्यान्हका **छवि सापकोटा**ले गरेको कुराकानी गरेका छन् ।

▶▶ **विष्णुप्रसाद घिमिरे (ध्रुव)**, अध्यक्ष, नेपाल जग्गा तथा आवास विकास महासंघ

# हदबन्दी गर्दा एउटै व्यक्तिले धेरै लाइसेन्स लिनुपर्ने बाध्यता छ

**सरकारले अघि बढाएको भूमि अध्यादेशलाई घर जग्गा व्यवसायीको हिसाबले कसरी हेर्नुभएको छ ?**

लामो समयदेखि घर जग्गा व्यवसायीको सम्पत्ति हदबन्दीको कारण होल्ड भएको थियो । २ खर्ब भन्दा बढी घरजग्गा व्यवसायीको सम्पत्ति रोकिएको अवस्था थियो । हदबन्दीको कारण कारोबार समेत निकै कम भएको थियो, त्यसको असर राजस्वमा समेत देखिँदै आएको थियो ।

घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले हदबन्दीभित्रको घर जग्गा, घडेरी अपार्टमेन्ट निर्माण गरी बिक्री गर्न पाउने गरी भूमि सम्बन्धी अध्यादेश मार्फत भएपनि संशोधनले घर जग्गा व्यवसाय चलायनमान हुने देखिन्छ । अध्यादेशले घरजग्गा व्यवसायीलाई आशावादी बनाएको छ ।

**अध्यादेशकै कारण घरजग्गा व्यवसाय क्षेत्रमा अब कस्तो प्रभाव देखिएला ?**

हामीले यस भन्दा अघिका सरकारलाई समेत पटक-पटक हाम्रा समस्या भन्दै आएका थियौं । हदबन्दीका कारण घरजग्गाको कारोबार निकै नै कम भएको थियो । नेपालको घरजग्गा कारोबार घट्दा त्यसको असर चौतर्फी रूपमा पर्दै आएको थियो । अहिले सरकारले अध्यादेश मार्फत ल्याएको ऐनले आगामी दिन घर जग्गा व्यवसाय फस्टाउने देखिन्छ । यो निर्णयले घर जग्गा व्यवसायीले राहतको महसुस गरेका छन् । अध्यादेशपछि व्यवसायीले हदबन्दीका कारण रोकिएको हाउजिङ तथा अपार्टमेन्टको व्यवसाय फस्टाउने देखिन्छ । हदबन्दीका कारण रियल इस्टेट व्यवसायीले ठुलो असर गरेको थियो ।

**हदबन्दीको कारण व्यवसायीले कस्ता समस्या भोग्नु परेको थियो ?**

२०७६ सालमा भूमिसम्बन्धी ऐनअनुसार रियल इस्टेट कम्पनीले हदबन्दीभन्दा बढीको जग्गा लिन सक्थ्यो तर, बेच्नका लागि हदबन्दी छुटको व्यवस्थालाई रोक लगाएपछि घरजग्गा व्यवसायीको ठुलो लगानी फसेको थियो । प्लानिङ गरेर बिक्री गर्ने तयारीमा रहेका व्यवसायी समस्यामा पर्दै आएको थिए ।

हदबन्दी भन्दा बढी जग्गा बिक्री गर्न नपाउँदा कतिपय व्यवसायीहरूमा बैंकिङ समस्याले तनावको अवस्था समेत थियो । व्यवसायीहरूले जग्गा किन्नका लागि बैंकबाट लिएको ऋणको अहिलेसम्म ब्याज तिरेर बस्नुको बिकल्प थिएन । अझै त्यसैमा घर, हाउजिङ अपार्टमेन्ट बनाइएको थियो तर, बेच्न पाइएको थिएन ।

**त्यसोभए अब घरजग्गा व्यवसायले थप गति लिन्छ ?**

घरजग्गा व्यवसायीलाई ठूलो राहत त हुन्छ । यस्तै राज्यले पनि घर जग्गा कारोबारमा वृद्धि हुँदा राजस्व समेत बढ्छ । घर जग्गा किन्ने र बेच्नेबीच समेत कारोबारमा धेरै नै सुधार आउँछ । अब घरजग्गा व्यवसाय गर्ने रियल स्टेट कम्पनीहरूलाई चाहिँ हदबन्दी पनि लाग्नु हुँदैन । हदबन्दीको कारणले ३० रोपनीभन्दा बढी जग्गा एउटा कम्पनीमा राख्न पाइँदैन अथवा व्यक्तिमा राख्न पाइँदैन ।

हदबन्दीको कारणले एउटै व्यवसायीले धेरै कम्पनी खोलेर काम गरेको अवस्था छ । प्रत्येक कम्पनीले लाइसेन्स लिनुपर्ने अवस्था छ । यसले अर्को मारमा व्यवसायी छन् । लाइसेन्स सिस्टम ठिक छ तर, घरजग्गा व्यवसाय कारोबार गर्ने कम्पनीहरूलाई चाहिँ हदबन्दी लाग्नु हुँदैन । धेरै वटा कम्पनीका लागि लाइसेन्स लिँदा धेरै पैसा लाइसेन्समै जाने गरेको छ ।

# नेपाल उत्कृष्ट साहसिक पर्यटन गन्तव्यको रूपमा सम्मानित

**काठमाडौं/मस–** भारतको पुणेमा आयोजित भारत इन्टरनेशनल ट्राभल मार्ट (आईआईटीएम)मा नेपाललाई वर्षको उत्कृष्ट साहसिक पर्यटन गन्तव्यका रूपमा सम्मान गरिएको छ । यही नोभेम्बर २७ देखि २९ सम्म आयोजित आईआईटीएममा अवार्ड्स नाइट, ०२५ मा नेपाललाई यो प्रतिष्ठित अवार्ड प्रदान गरिएको जनाइएको छ ।

उक्त अवार्ड नेपाल पर्यटन बोर्डका तर्फबाट बोर्ड सदस्य नरेन्द्र भट्ट र वरिष्ठ अधिकृत नरायण बस्यालले ग्रहण गरेका गरे । अवार्ड समारोहमा आयोजित 'डेस्टिनेसन प्रिजेन्टेशन' सत्रमा बोर्डका वरिष्ठ अधिकृत रोबिन रेग्मीले नेपालको विविध पर्यटन आकर्षणहरू, बुद्ध सर्किट, रामायण सर्किट, तथा अन्तरदेशीय इको-ट्रेलहरूजस्ता पर्यटन उत्पादन समेटिएको श्रव्यदृश्य प्रस्तुति दिएका थिए । जसमा नेपालमा युनेस्को विश्व सम्पदा सूचीमा परेका क्षेत्रहरू, आध्यात्मिक तीर्थाटन मार्गहरू, विश्वस्तरीय पदयात्रा तथा हिमाल



आरोहण अवसरहरू र रोमाञ्चक साहसिक खेलहरू प्रमुख आकर्षण रहेको बारे जानकारी गराइएको हो ।

आइआइटीएम पुणे, २०२५ मा नेपाल पर्यटन बोर्डको सक्रिय सहभागिताले भारतीय पर्यटन बजारसँगको सम्बन्ध अझ प्रगाढ बनाउने तथा नेपाललाई 'अल सिजन डेस्टिनेसन' र 'लाइफटाइम एक्सपेरियन्स' प्रदान गर्ने देशका रूपमा प्रवर्धन गरिएको बोर्डको नेतृत्व गर्दै कार्यक्रममा सहभागी वरिष्ठ अधिकृत रेग्मीले बताए । आइआइटीएममा नेपाल पर्यटन बोर्डले १५ वटा प्रमुख ट्राभल व्यापार कम्पनीहरूसँगको सहकार्यमा भारतका यात्रा व्यवसायी तथा प्रमोटरका माझ नेपालका विशिष्ट पर्यटन प्याकेज तथा आकर्षणहरू प्रभावकारी रूपमा प्रस्तुत गरेका थिए । तीनदिने ट्राभल मार्टमा विश्वका विभिन्न मुलुकका विभिन्न ट्राभल व्यापार प्रतिनिधि तथा पर्यटन व्यवसायी र पर्यटकहरूको सक्रिय सहभागिता छ । बोर्डले आइआइटीएममा रहेको नेपाल पभेलियनमा नेपालका समृद्ध सांस्कृतिक सम्पदा, साहसिक गन्तव्य, र अतिथिसत्कार प्रस्तुत गर्ने सशक्त मञ्च भएको उल्लेख गरेको छ ।

नेपाल पर्यटन बोर्ड तथा साझेदार हरूको सफल सहभागिताले नेपालप्रति भारतीय बजारमा उल्लेखनीय चासो र माग बढाउने बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशीले बताए । यस किसिमका अन्तर्राष्ट्रिय मञ्चहरूमा भएको बोर्डको सक्रिय सहभागिताले नेपाललाई भारतीय पर्यटकहरूको प्राथमिक गन्तव्यका रूपमा थप सशक्त बनाउने सीईओ जोशीको विश्वास छ ।

# वित्तीय संघीयता कार्यान्वयनका समस्या समाधान गर्न माग

**काठमाडौं/मस–** मधेस प्रदेशका मुख्यमन्त्री र अन्य प्रदेशका आर्थिक मामिलामन्त्रीले वित्तीय संघीयता कार्यान्वयनमा देखापरेका समस्या समाधानका लागि विभिन्न उपायको खोजी गर्दै साझा मतका साथ अगाडि बढ्नुपर्नेमा जोड दिएका छन् ।

वित्तीय संघीयता कार्यान्वयनको क्रममा देखापरेका समस्या क्रमशः समाधान हुँदै आएका भए पनि नयाँ परिस्थितिमा नयाँ खालका समस्या देखा पर्ने भएकाले त्यसको समाधानका उपाय खोज्नुपर्ने उनीहरूको भनाइ थियो । अन्तर सरकारी वित्त परिषदको एघारौं बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र अन्य प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीलगायत परिषद्का सदस्य एवं विज्ञले वित्तीय संघीयता कार्यान्वयनको सम्बन्धमा देखापरेका समस्या र समाधानका उपायका सम्बन्धमा आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रमका दौरान सातै प्रदेशका अर्थमन्त्रीहरूले संयुक्त रूपमा तयार गरेको वित्तीय संघीयता सम्बद्ध घोषणापत्र कार्यान्वयन सहजीकरणका लागि संघीय अर्थमन्त्री समक्ष पेश गरेका थिए । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था वमोजिम परिषद्का संयोजक अर्थमन्त्री रामेश्वर खनालको अध्यक्षतामा परिषदका सदस्यहरू एवं अन्य आमन्त्रित व्यक्तिको उपस्थितिमा शुक्रबार अर्थ मन्त्रालयमा सम्पन्न भएको अर्थमन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेले जानकारी दिए ।

बैठकमा वित्तीय संघीय समन्वय महाशाखा प्रमुख एवम् सहसचिव सेवन्तक पोखरेलले वित्तीय संघीयता कार्यान्वयनको कार्यक्रममा तीनै तहबाट सुशासनको प्रत्यक्ष अनुभूति हुनेगरी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिए । उनले संघ, प्रदेश र स्थानीय तहले बजेट तथा आयोजनाको कार्यान्वयन, करको कार्यान्यनको विषयमा देखिएका विवादको निरोपण, राजस्व तथा खर्चको लेखा विधि र त्यसको प्रतिवेदन प्रणाली व्यवस्थित गर्नेलगायतका विषय उल्लेख गरे ।

यस्तै, जनशक्ति व्यवस्थापन तथा तेस्रो सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन, वित्तीय अनुशासन, आगामी निर्वाचनमा तीन तहको साधनस्रोतको प्रयोग तथा आगामी अन्तरप्रदेश परिषद्को बैठकमा राख्नुपर्ने सुझावको लागि समेत बैठक आयोजना गरिएको उनले जानकारी गराएका थिए । कार्यक्रममा नगरपालिका संघ र गाउँपालिका महासंघका अध्यक्षसहित विभिन्न पालिकाका प्रतिनिधिले वित्तीय समानीकरण अनुदान विनियोजन बमोजिम प्राप्त हुनुपर्ने, वित्तीय संघीयता कार्यान्वयनसँग सम्बन्धित कानुनी तथा प्रक्रियागत विषयमा छिट्टै टुंगोमा पुग्नुपर्ने, कानुन कार्यान्वयनका क्रममा देखिएका अन्तर विरोधलाई सम्बोधन गरिनु पर्ने धारणा राखेका थिए ।

यस्तै, प्रदेश र स्थानीय तहले भोग्नु परेको आयोजना व्यवस्थापन, संगठनात्मक संरचना तथा व्यवस्थापन, जेनजी आन्दोलनमा क्षति भएका भौतिक पुर्वाधार पुनःनिर्माणमा सहयोग हुनपर्ने लगायतका विषयमा धारणा प्रस्तुत गरेका थिए । सो अवसरमा अर्थमन्त्री खनालले बजेट निर्माण र कार्यान्वयनमा प्रदेश र स्थानीय तह स्वतन्त्र र स्वयम उत्तरदायी रहेको बताए ।

# प्रतिक्रेट अण्डाको मूल्य ५ सय ६० पुग्यो

**चितवन/मस–** चिसो बढ्दै जाँदा अण्डाको खपत त बढेको छ नै, त्यसमाथि भारतीय सीमा क्षेत्रमा कडाइ भएपछि अवैध अण्डा रोकिएको कारण नेपाली अण्डाले राम्रो मूल्य पाउन थालेको छ । शनिबारदेखि लागू हुनेगरी नेपाली अण्डाले किसानको लागत उठ्नेगरी नयाँ मूल्य पाएको संघले जनाएको छ ।

शुक्रबार बसेको नेपाल लेयर्स कुखुरापालक संघको बैठकले नेपाली अण्डा उत्पादन तथा बजारीकरणबारे छलफल गर्दै शनिबारदेखि लागू हुनेगरी न्यूनतम समर्थन मूल्य निर्धारण गरेको संघका अध्यक्ष विनोद पोखरेलले जानकारी दिए । किसानको फार्म लागतलाई आधार मानेर जारी गरिएको मूल्यसूचीअनुसार यसको मूल्यमा उल्लेखनीय वृद्धि भएको छ । नयाँ दरअनुसार अति ठूलो (एक्स एल) अण्डा प्रतिक्रेट (३० वटा) ५ सय ६०, ठूलो अण्डा ५ सय ४५, मिडियम अण्डा ५ सय ३० र सानो अण्डा प्रतिपेटी ३ हजार २ सय ५० रुपैयाँ रहेको छ ।

अध्यक्ष पोखरेलका अनुसार अघिल्लो मूल्यभन्दा प्रतिक्रेट ४० रुपैयाँले वृद्धि भएको हो । भारतमा निर्वाचनका कारण सिमानामा कडाइ बढ्दा त्यहाँको अण्डा महँगो भएको र अवैध रूपमा नेपाल आउने मार्ग बन्द भएपछि नेपाली अण्डाले उचित मूल्य पाएको बताए । उनका अनुसार जाडो महिनामा अण्डाको खपत स्वभाविक रूपमा बढ्ने गर्छ ।

'चिसोमा अण्डा खानुपर्छ भन्ने जनचेतना बढेकाले माग पनि बढेको छ', पोखरेलले भने । गत साउनमा पनि ५ सय ६० रुपैयाँ नै मूल्य पुगेको अण्डा त्यसपछि क्रमशः घट्दै गएको थियो । हाल फेरि क्रमशः वृद्धि हुँदै किसानले लागत उठाउन सक्ने अवस्थामा पुगेको संघले जनाएको छ ।

Government of Sudurpaschim Province

**Social Development Office, Doti**

**Invitation for Electronic Bids**

**First Date of publication: 2082-8-14 (2025 Nov 30)**

1. Social Development Office, Doti invites electronic bids through eGP-System from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract No. | Works Description | Bid Document Fee | Bid Validity | Bid Security and Validity | Estimated Amount (Including vat and PS) | Last date & time of Bid Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SDODOTI/ NCB/WORKS/ HB/2082/83-1 | Construction of Hostel Building at Khatyadi Secondary School Bogtan RM-7 Doti | NRs. 3,000 | 90 Days | NRs. 250000 Valid 120 Days | NRs.9611547.28 | 2082 Poush 16, 12:00 | 2082 Poush 16, 13:00 |

2. Bank Details for Bid Document fee: - Bank: Rastriya Banijya Bank Doti Branch, Office: Social Development Office Doti, Office Code no.: 3500171037, Account no.: 1000100200010000, Revenue Code no.: 14229
3. For Bid Security: - Account Name: Province Account Unit Office Doti, Dharauti Account No: 4100100202030000 Bank: Rastriya Banijya Bank
4. Eligible Bidders bids through www.bolpatra.gov.np/egp system and for more details, please visit www.bolpatra.gov.np/egp or Social Development Office, Doti, Email: sdo.doti1@gmai.com Phone no.: 9862790665.

**Office Chief**

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**